# मुसिकोट नगरपालिका

# रुकुम पश्चिम

"सामाजिक सुशासन आर्थिक समृद्धि र जन सहभागिता सहितको दिगो विकास ।, स्वास्थ्य, शिक्षा र रोजगारयुक्त समाजबाद उन्मूख नगरपालिका हाम्रो निकास ।।"

## नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७८/०७९

मुसिकोट नगरपालिका

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

१. यस मुसिकोट नगरपालिकाको गरिमामय एवं ऐतिहासिक नवौं नगर सभा समक्ष आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । नगरलाई आर्थिक समृद्धि, समाजिक र साँस्कृतिक रुपान्तरण मार्फत समाजबादको लक्ष्य पुरा हुन्छ भन्ने मान्यताका साथ यो नीति तथा कार्यक्रम केन्द्रित रहेको कुरा उल्लेख गर्दछु ।

२. विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ महामारी र यसको दोश्रो लहरले विश्व समुदायलाई आक्रान्त बनाएको छ । कोरोनाका कारण जीवन गुमाएका नेपाली नागरिक लगायत सबै मृतकप्रति हार्दिक श्रद्धान्जली अर्पण र शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै संङक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. यस महत्वपूर्ण अवसरमा नेपालको सार्वभौमसत्ता स्वाधिनता, भौगोलिक अखण्डता मुलुकमा लोकतन्त्रको वहाली, जनजीविकाको आमूल परिवर्तनको लागि महत्वपूर्ण भुमिका खेल्नु हुने महान जनयुद्ध र जनआन्दोलन लगायतका विभिन्न संघर्ष तथा आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात–अज्ञात बीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता योद्धाहरु प्रति सम्मान प्रकट गर्दछु र राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदरभाव एवंम स्मरण गर्दछु ।

४. स्थानीय तहबाट निर्वाचित हामी जनप्रतिनिधीले आफ्नो कार्यकालको यस ४ वर्षको अवधि व्यतित गरी अव पाँचौं वर्षको नीति, योजना र बजेट तथा कार्यक्रमको तयारी गरि रहेको सन्दर्भमा विगत वर्षमा संचालित हाम्रा अधुरा योजना तथा कार्यक्रमहरु, विश्वमा महामारीको रुपमा फैलिएको कोभिड १९ को रोकथाम तथा नियन्त्रण, जनताको जीवनस्तर बदल्ने कार्यक्रमहरुलाई सम्पन्न गर्ने कार्यमा प्राथमिकता दिई आगामी निर्वाचनबाट चुनिएर आउने जनप्रतिनिधीको लागि समेत हामीबाट सम्पादित नीति, योजना र बजेट सही दिशातर्फ परिचालन भएको सन्देश दिने गरी यस नीति तथा कार्यक्रम र बजेट तयार गर्नु हाम्रो प्रमुख कार्यभार हो ।

५. महामारीको नियन्त्रण, रोकथाम र उपचारको अग्रपङ्तिमा रहेर महत्वपूर्ण योगदान गर्नु हुने स्वाथ्यकर्मी, सुरक्षाकर्मी सरसफाईकर्मी तथा सञ्चारकर्मीप्रति उच्च सम्मान र आभार प्रकट गर्दछु । यस विषम परिस्थितिमा विभिन्न स्वास्थ्य सामाग्री सहयोग गर्नु हुने हाम्रा साझेदार निकायहरु, महामारी न्यूनीकरणमा खटिनु हुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सामाजिक तथा गैरसरकारी संघ संस्था र बन्दाबन्दी एवं व्यक्तिगत तथा भौतिक दुरीको पालन एवं संयमता अपनाई नगर सरकारलाई सहयोग गर्नुहुने सम्पूर्ण नगरबासीहरुमा हार्दिक आभार प्रकट गर्दै, आगामी दिनमा यस महामारीलाई परास्त गर्ने अभियानमा सवैले आ–आफनो स्थानवाट थप महत्वपूर्ण योगदान पुऱ्याउन आह्वान गर्दछु ।

मुसिकोट नगरपालिका

६. आज विश्व कोभिड–१९ महामारीसँग जुधिरहेको छ । गत आ.व. देखीनै हामीले कोभिड १९ व्यवस्थापनमा ठूलो मेहनत मार्फत क्षति न्यूनीकरण गरेको सन्दर्भमा, यस वर्ष पनि बैशाख महिना देखी देखिएको नयाँ भेरियन्ट सहितको कोभिड १९ ले हाम्रो देश एवं स्थानीय तहहरु नराम्रोसंग आक्रान्त भएका छन । यसबाट हाम्रो मुसिकोट नगरपालिका पनि अछुतो रहन सकेन । यस नीति तथा कार्यक्रम प्रस्तुत भईरहँदा करिव हजारौं संख्यामा जनताहरु संक्रमित भएका छन, करिव एक दर्जन व्यक्तिहरुको कोभिड १९ संक्रमणका कारण मृत्यु भई सकेको छ । यस भाईरसका कारण भइरहेको जीवनको क्षति र जोखिमलाई मध्यनजर गर्दै नगर सरकारको आवश्यक श्रोतसाधन र संयन्त्र परिचालन गरी नमूना परिक्षण, उपचार, अक्सीजन आपुर्ति, स्वास्थ्य उपकरण, जनशक्ति र औषधीको व्यवस्था सहित महामारीको न्यूनीकरण तथा प्रतिकार्यमा कुनै पनि कमी हुन नदिन नगर सरकार प्रयत्नरत रहेको छ ।

७. नयाँ भेरियन्ट सहितको कोभिड १९ समुदाय स्तरमा फैलिई सकेको, देशमा २०७८ बैशाखदेखी विभिन्न जिल्लामा गरिएको निशेधाज्ञा, लकडाउन वा बन्दाबन्दीका कारणले संक्रमण घटेको जस्तो देखिएता पनि प्रभावकारी रुपमा Contact Trasing नहुनु, बाहिरबाट आउने नागरिकको आगमनलाई व्यवस्थित गरी होम आईशोलेसनमा राख्न अपेक्षित रुपमा नसक्दा अझै संक्रमण भयावह अवस्थामा जान नसक्ला भन्न सकिदैन । विज्ञहरुले पनि यसको प्रभावकारी व्यवस्थापन नभएमा तेस्रो भेरियन्ट आउने र यसले झन ठूलो क्षति पुर्याउने जसबाट विद्यालयका बालबालिका लगायत युवा नागरीक बढी प्रभावित हुने पूर्वानुमानले गर्दा हाम्रो स्वास्थ्य सेवालाई चुस्त, प्रभावकारी बनाउन स्वास्थ्य सेवालाई सबैको पहुंचमा पुर्याउन स्वास्थ्य संस्था लगायत स्वास्थ्य पूर्वाधारको समुचित विकास तथा स्वाथ्य कर्मीहरुको क्षमता अभिवृद्धि गरिने छ ।

८. यस जिल्लामा २०७८ बैशाख देखी कडा लकडाउनका कारणले उद्योग, व्यापार र आर्थिक एवं सामाजिक क्रियाकलापहरु ठप्प रहेका छन । यसको सवै भन्दा ठूलो भार व्यापार, उद्योग र शिक्षा क्षेत्रले व्यहोरिरहेको छ । लामो समयदेखी पठन पाठन रोकिदा बालबालिकाले भौतिक रुपमा स्कुल गई अध्ययन गर्न पाएका छैनन् भने उत्पादन र बजार चक्र विग्रदो अवस्थामा छ । जसका कारण जनताको काहाली लाग्दो महङ्गीको मार खेप्नु पर्ने परिस्थितिका संकेतहरु देखिदैछन, यसका लागि हामीले हाम्रा नीति, योजना कार्यक्रम र बजेटमा गम्भीर समिक्षा गरी गरिब र लक्षित वर्गलाई संबोधन गरी अगाडि बढाउँनु पर्ने छ।

९. यस नगरपालिका क्षेत्रबाट वितरण गरिने स्रोत साधनको न्योचित वितरणका लागि वास्तविक विपन्न वर्गको पहिचान गरी विपन्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ। नगरबाट संचालित विकास व्यवस्थापन, आर्थिक तथा सामाजिक पूर्वाधारको निर्माण, लक्षित वर्ग कार्यक्रम, खेलकुद पवर्द्धन र सांस्कृतिक रुपान्तरण लगायत हरेक क्षेत्रको विकास युवा परिचालन मार्फत गरिनेछ ।

मुसिकोट नगरपालिका

१०. आर्थिक वर्ष २०७८/०७९ मा यस नगरपालिकाको नीति, कार्यक्रम तथा बजेटको प्रमुख प्राथमिकता आर्थिक समृद्धि र सामाजिक रुपान्तरण अन्तर्गत उत्पादन वृद्धि, उत्पादित बस्तुको बजारीकरण र प्रशोधनका कार्यक्रमहरु हुनेछन भने शिक्षा स्वास्थ्य र रोजगारी सृजनाका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

हाम्रो समय, सीप, अनुभव र मेहनतलाई मुसिकोट नगरपालिकाको समृद्ध विकासमा केन्द्रित गर्दै अघि बढ्न आवश्यक छ। यसका लागि हामीले अघि सारेका राम्रा नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै अब आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम विषयगत समिति अनुसारका क्षेत्रगत रुपमा प्रस्तुत गर्न चाहन्छु।

**भु-उपयोग नीति**

११. मुसिकोट नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक, ऐलानी, सरकारी प्रति जग्गाहरुको एकिकृत विवरण तयार गरी समुचित उपयोग, संरक्षण र सार्वजीनक उयोगमा ल्याइनेछ ।

१२. स्थानीय तहवाट हुने पूर्वाधारहरुको निर्माणमा सार्वजनीक जग्गाको प्रयोगलाई प्राथमिकता दिई आवश्यकता र सम्भावनाको आधारमा व्यवस्थापन गरिनेछ ।

१३. भुमिहीन घरवास नभएका, द्वन्द्ध पीडित, एकल महिला, पुस्तौदेखी जग्गा नभएका भूमिहीन नागरिकहरुको यर्थात विवरण लिई सरकारले तोकेको मापदण्डका आधारमा वसोवास व्यवस्थापनको कार्यलाई पूर्णता दिइने छ ।

**कृषि नीति**

कृषि क्षेत्रमा मुसिकोट नगरपालिकाले **"आली देखि थाली सम्म, गोठ देखि ओठ सम्म"** भन्ने मुल नारालाई केन्द्रित गरी नीति तथा कार्यक्रमहरु तय गरेको छ ।

१४. कृषि नै हाम्रो सफलता र जीवन निर्वाहको प्रमुख आधारको रुपमा लिएको छ। नगरपालिका क्षेत्रमा कम्तिमा २ रोपनी जग्गामा व्यवसायीक तरकारी खेती, फलफुल र उन्नत जातको बीउ विजन उब्जाउने कृषकलाई एकमुष्ट अनुदान/प्रोत्साहन दिने कार्यक्रम संचालन गरिने छ ।

१५. कृषि व्यवसायमा निरन्तर संलग्न किसानहरुलाई उच्च सम्मान स्वरुप कृषक पेन्सन प्रोत्साहन खाता कोषको संचालन स्थापना गरी संचालन गरिने छ।

१६. नगरपालिकाको भु–उपयोग नीति अनुसार नगर क्षेत्रको हावापानी, मौसम अनुकूलता, आद्रता समेतको बैज्ञानीक अध्ययन, खोज विश्लेषण गरी अन्न, फलफुल, दुध र जडिबुटी जस्ता उत्पादन बढाई उनीहरुको उत्पादनलाई समुह तथा सहकारी मार्फत प्रत्येक्ष बजारसंग जोडी स्वरोजगारको सिर्जना गरिने छ ।

१७. नगरपालिकालाई अर्गानिक मैत्री कृषि उत्पादनमा बढवा दिन कृषकहरुलाई अर्गानिक उत्पादनमा प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।

मुसिकोट नगरपालिका

१८. नगरपालिकाको भौगोलिक क्षेत्रमा निर्धारण गरिएका पकेट क्षेत्रलाई निरन्तरता दिईने छ र थप पकेट क्षेत्रको विस्तार गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषि सामाग्री, ज्ञान, सीप, पूँजी र प्रविधिको प्रयोगलाई व्यापक बनाई निर्यात प्रवर्द्धन गरिने छ ।

१९. कृषि क्षेत्रबाट रोजगारी सिर्जना गर्न यूवा लक्षित, अपाङ्ग लक्षित, द्वन्द्ध पिडित र अतिविपन्न लक्षित कार्यक्रम लाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

२०. आधुनिक कृषि प्रणालीलाई आत्मसात् गर्दै माटो अनुसारको उत्पादन कार्यलाई प्रोत्साहित गर्न कृषकको खेतबारीको माटो परिक्षण गरिने छ ।

२१. ब्यावसायिक रुपमा मौरी पालन, च्याउ, मसला तथा तरकारी वीउ उत्पादन गर्ने किसान तथा ब्यवसायिहरुलाई प्रोत्साहन तथा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईने छ।

२२. फलफूलका नर्सरी विस्तार गरि सुन्तला, ओखर र अन्य फलफूलका विरुवा उत्पादनमा जोड दिईने छ ।

२३. व्यावसायिक रुपमा खेती गर्ने कृषक, कृषक समुह, कृषक सहकार्य समुह र कृषि फर्म तथा सहकारीहलाई **"नगर प्रमुख कृषि प्रोत्साहन"** कार्यक्रम संचालन गरिने छ ।

२४. कृषि क्षेत्रमा व्यवसायिकताको विकास गर्न कृषि उपजको बजारीकरण, प्रशोधन र ओद्योगीकरणका लागि आवश्यक ब्यवस्था गरिने छ ।

२५. कृषक सहकार्य समुहरुले प्राप्त गर्ने कृषि ऋणमा विशेष सहुलियतको कार्यक्रम संचालन गरिने छ ।

२६. **"पौरखी हातहरुलाई सरकारको साथ"** नारालाई आत्मसात गर्दै सहकारी समुहमा आवद्ध जीवन भर कृषि पेशा गरेका कृषकहरुले उत्पादन गरेको परिमाणको आधारमा विशेष प्रोत्साहन कार्यक्रम लागू गरिने छ ।

२७. यस नगरपालिका क्षेत्र भित्र निरन्तर कृषि पेशा व्यवसायमा संलग्न किसानहरुलाई प्रोत्साहन गर्न **"किसानको बारीमा नगर सरकार"** कार्यक्रम संचालन गरिने छ ।

२८. कृषि व्यावसायलाई व्यावसायिक र मर्यादित पेशाको रुपमा अगाडी बढाउन वाली विमा कार्यक्रम संचालन गरिने छ ।

२९. **"बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग"** भन्ने सोँचका साथ बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

३०. कृषि उत्पादनलाई भण्डारण गर्नको लागि आधुनिक शीत भण्डारण स्थापनामा सार्वजनिक, नीजि र साझेदारीको मोडेल अवलम्बन गरिने छ ।

३१. खेती योग्य सिँचाई सुविधा नपुगेको जमिनमा सिंचाई सुविधाको लागि साना सिंचाई तथा सहकारी सिंचाई कार्यक्रम संचालन गरिने छ ।

३२. कृषकहरुले उत्पादन गरेका कृषि उपज सहजरुपमा खरिद विक्रिका लागि सङ्कलन केन्द्र निर्माण गरी संचालनमा ल्याईने छ ।

३३. कृषि वन प्रणालीको माध्यमबाट कृषि र वातावरण क्षेत्रको सन्तुलन कायम गरिने छ ।

मुसिकोट नगरपालिका

३४. नगरपालिका तरकारीको उन्नत वीउ उत्पादनमा नेपालमै अग्रस्थानमा रहेको सन्दर्भमा अझै गुणस्तरीय तथा व्यवसायिक रुपमा तरकारी वीउ उत्पादन बृद्धि गरी निर्यात गर्न सफल कृषकहरुलाई विशेष प्रोत्साहन गरिने छ ।

३५. वेमौषमी तरकारी खेतीलाई व्यासायिक र दिगो बनाउन प्रविधिको व्यापक बिस्तार गर्नको लागि प्रविधि विस्तार कार्यक्रम संचालन नीति लिईने छ।

३६. लोपउन्मुख रैथाने वालीको संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।

३७. नगरपालिका भित्र व्यवस्थित रुपमा बाली उत्पादन तथा वातावरण मैत्री कृषि उत्पादन गर्नका लागि आई.पि.एम./आई.डि.एम./आई.सी.एम. कृषक पाठशाला संचालन गरिने छ।

**<u>पशु सेवा नीति</u>**

पशु सेवा तर्फका नीति तथा कार्यक्रमहरु **"गोठ देखि ओठ, कृषकका हातमा नोट"** नारामा आधारित रही तयार गरिएका छन ।

३८. **"कृषकको हात, स्थानीय सरकारको साथ"** कार्यक्रम संचालन गरी नगरपालिकामा दुध उत्पादनमा वृद्धि गरी दुग्ध उद्योग संचालन गर्न दुग्ध प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। जस अन्तर्गत अति विपन्न गरिब व्यवसाय संचालन गर्न चाहने पशुपालकलाई कार्यविधि निर्माण गरी गाई/भैसी खरिदमा अनुदानको व्यवस्था मिलाईने छ ।

३९. **"पौरखी हातहरुलाई सरकारको साथ"** कार्यक्रम संचालन गरी नगर क्षेत्रमा कम्तिमा प्रतिदिन **५ लिटर दुध उत्पादन गर्ने** संगठित संस्था, उद्योग वा सहकारी खरिद विक्री केन्द्रको अभिलेखको आधारमा प्रतिवर्ष **पाँच हजार रुपियाँ** प्रोत्साहनको व्यवस्था गरिनेछ।

४०. **"घांसमा आधारीत पशुपालन गरौं, उत्पादन लागत घटाऔं, आम्दानी बढाऔं"** व्यवसायिक घाँस खेतीको प्रवर्द्धन मार्फत पशुपालन व्यवसाय संचालन गर्न विभिन्न प्रजातिका उन्नत डाले तथा भुईघाँसका वीउ, वेर्ना, सेटस वितरण गरी पशुपालनको उत्पादनशील क्षेत्र झुल्खेत, सोलावाङ्ग, माछमी, छिवाङ्ग जीउँला क्षेत्रमा उन्नत जातको गाई, भैसी पालन कार्यक्रम लागु गरिने छ ।

४१. पशुपालन गरी दुध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न कर्णाली प्रदेश सरकारकासँगको साझेदारीमा प्रति लिटरमा दुधमा रु ५ अनुदान दिने कार्यक्रम संचालन गरिने छ।

४२. पशुपालन व्यवसायमा हुने जोखिमलाई न्युनीकरण गर्दै पशुधनको सुरक्षामा सुनिश्चितता गर्न पशु विमा कार्यक्रम संचालनलाई निरन्तरता दिईने छ ।

४३. पशुपञ्छीमा देखा पर्ने आकस्मिक रोग तथा पशुपञ्छीवाट मानिसमा र मानिसवाट पशुपंक्षीमा सर्ने जुनोटिक रोगमा कमी ल्याउन जनचेतनामूलक कार्यक्रम, खोप सेवा कार्यक्रम, रोग निदान उपचार सेवा कार्यक्रमलाई प्रभावकारी वनाइने छ ।

मुसिकोट नगरपालिका

४४. **"उत्पादन तथा उत्पादकत्व वृद्धिको मुख्य आधार, कृत्रिम गर्भाधारणद्वारा नश्ल सुधार"** भएकाले गाईभैसी र बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । साथै कृत्रिम गर्भाधारण कार्यक्रम पहुँच नभएको स्थानमा नश्ल सुधारको लागी उन्नत जातको राँगो तथा वोका वितरणका कार्यक्रम संचालन गरिने छ ।

४५. पशुपालन व्यवसायको उत्पादन र उत्पादकत्व वृद्धि गर्न व्यवसायमा यान्त्रिकरणका कार्यक्रमहरु संचालन गरिने छ।

४६. यस नगरपालिका भित्र संचालनमा रहेका व्यवसायिक फार्म, समुह, दाना पसल, मासु पसल, औषधी पसल र डेरी उद्योग तथा संकलन केन्द्रहरुलाई व्यवस्थित गर्न सुधार तथा नियमन कार्यलाई प्रभावकारी वनाईने छ ।

४७. नगरपालिकालाई मासु र अण्डामा आयत प्रतिस्थापन गरी आत्मनिर्भर बनाउनको लागि व्यवसायिककरण गरिने कार्यक्रमहरु संचालन गरिनेछ ।

४८. पशु स्वास्थ्य तथा पशु पोषणमा सुधारको लागि मिनरल ब्लक वितरण कार्यक्रम संचालन गरिने छ ।

४९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, साना व्यवसायिक कृषि उत्पादन केन्द्र बाख्रा पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५०. पशुपञ्छीहरुको स्वास्थ्य अवस्था र कृषकहरुको पेशालाई व्यवस्थित गर्न जनताको धरदैलोमा पशु उपचार कार्यक्रमहरु संचालन गरिने छ ।

५१. मुसिकोट नगरपालिका भित्र दुध तथा दुग्धजन्य उत्पादनलाई उद्योग सञ्चालन, भन्डारण तथा वजारीकरणको लागी वडा स्तरमा क्रमशः साना दुग्ध संकलन केन्द्र स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

५२. मासु र अन्डा सहज पुर्तिका लागी उन्नत तथा रैथाने पशुपञ्छीको संरक्षण गर्दै ग्रामिण कुखुरापालक व्यावसायिहरुलाई प्रोत्साहन गरिने छ ।

५३. गाईभैसी, भेडाबाख्रा, कुखुरा र बंगुर पालक किसानहरु प्रोत्साहन गर्न **"नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कार"** कार्यक्रम संचालन गरिने छ ।

५४. गरिव, अति विपन्न दलित अपाङ्ग लगाएतका लक्षित समुदायमा निशुल्क तालिम सहित व्यवसाय शुरुवातको लागी विउ पुँजी मार्फत स्वरोजगार वनाउन प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।

५५. पशुपञ्छीहरुलाई सहजरुपमा औषधी सेवन तथा उपचार गर्न नियन्त्रणको लागी एक वडा एक ट्रेविज निर्माण कार्यक्रम सन्चालन गरिने छ ।

५६. नगरपालिका भित्र घरपालुवा तथा भुस्या कुकरहरुको नियन्त्रणको लागि खोप तथा उपचार र बन्ध्याकरण जस्ता कार्यक्रम संचालन गरिने छ ।

५७. कृषकहरुको आयआर्जनमा सुधार गरि व्यवसायमा उत्प्रेरित गर्न पशुपञ्छी पैचो कार्यक्रम संचालन गरिने छ ।

५८. कृषकहरुका भेडा बाख्रामा संक्रमण हुने बाह्यय परजिवी नियन्त्रण गर्नको लागी एक वडा एक डिपिङ ट्याङ निर्माण कार्य संचालनका लागि आवश्यक पहल गरिने छ ।

५९. मुसिकोट नगरपालिकामा पशुपालन ब्यावसायीलाई दिगोरुपमा कृषि प्रसार सेवा संचालन गर्न सार्वजनिक, सहकारी र नीजि क्षेत्र साझेदारी सम्मिलित प्रणालीको विकास गरी एकीकृत कृषि प्रसार सेवाको संयन्त्र बस्ती स्तरसम्म स्थापना गरिने छ ।

**उद्योग तथा बाणिज्य नीति**

६०. रुकुम पश्चिम कृषि एवं पशुपालनको राम्रो संभावना बोकेको क्षेत्र भएको तथा दुध उत्पादनमा आत्मनिर्भर उन्मुख रहेकाले स्यार्पू कृषि कम्पनी लिमिटेड अन्तर्गत मुसिकोट नगरपालिका वडा नं १२ मा करिब दैनिक चालिस हजार लिटर दुग्ध प्रशोधन उद्योगको स्थापनाका लागि आवश्यक समन्वय, सहकार्य र सहजीकरणमा गरिने छ ।

६१. उद्योग स्थापना मार्फत कृषकहरुलाई उत्पादन, बजार र आयआर्जनसँग जोडिने छ । सोको लागि नगरपालिकाबाट उन्नत गाईभैसी खरिद पशु आहाराको ब्यवस्थापन भुईघाँस लगायत आधुनिक पशु उपचार र विमाको व्यवस्था गरिने छ ।

६२. **"ब्यावसायीसँगै नगरपालिका"** अभियान संचालन गरी नगर क्षेत्रमा संचालनमा रहेका तर कानूनी रुपमा दर्ता नभएका साना उद्योग एवं व्यवसायिक फर्महरुलाई प्रथम पटकको लागि विधिवत दर्ता गर्न प्रोत्साहन गरी कानूनी दायरामा ल्याईने छ ।

६३. कोभिड १९ का कारणले समयमा नवीकरण र ब्यवसाय कर तिर्न विलम्ब भएका साना फर्म र उद्योगहरु समयमा नवीकरण र व्यवसाय कर तिरेमा सहुलियत दिने ब्यवस्था गरिने छ ।

६४. **"ब्यवसाय नै अर्थतन्त्रको सफलताको आधार"** भएकाले जनतालाई व्यवसायसँग जोडने अभियान संचालन गरिने छ । अति विपन्न गरिब, दलित, एकल महिला, युवा र उद्यमी सोँच भएका ब्यक्तिहरुको पहिचान गरी उनीहरुले पेश गरेका परियोजनाका आधारमा निश्चित प्रतिशत रकम नगरपालिकाले बीउँ पुँजी सहकारी मार्फत प्रोत्साहन कार्यक्रम संचालन गरिने छ ।

६५. **'पत्रु खानालाई निरुत्साहन गर्दै'** यहाँको स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न र पोषण बढाउन स्थानीय बस्तु प्रशोधनमा आधारित उद्योगहरुलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

६६. स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न स्थानीय सरकार र आय संगठित संस्थाहरुलाई अनिवार्य रुपमा प्रयोगमा प्राथमिकता दिई उपयोग गर्ने नीति अवलम्बन गरिने छ।

६७. स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरण गर्न अति गरिव परिवारहरुको लागि साझा सुविधा केन्द्रको निर्माण गरिने छ ।

६८. स्थानीय श्रोत साधनमा आधारित उद्यमशीलता कार्यक्रम गर्न प्रोत्साहन एवं सहजीकरण गरिने छ ।

मुसिकोट नगरपालिका

६९. उद्यमीहरुलाई सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नको लागि समुहमा प्रविधि हस्तान्तरण गरिने छ ।

७०. लघु उद्यम विकास कार्यक्रम संचालन गरी नँया उद्यमी सिर्जना र उद्यमीको स्तरोन्नती मार्फत गरिवी निवारण गर्न पहल गरिने छ ।

७१. उपभोक्ता हित संरक्षणका लागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गर्ने नीतिलाई नियमित गरिने छ ।

७२. स्थानीय उत्पादनहरुको उपयोग मार्फत औद्योगिक क्षेत्रको विकास र विविधिकरणमा जोड दिइने छ । मध्य पहाडी लोकमार्ग, राप्ती लोक मार्ग लगायतको लोकमार्ग आसपासका क्षेत्रहरुमा उद्योगहरु स्थापना गर्न विशेष जोड दिइने छ ।

**<u>सहकारी र वित्तीय नीति</u>**

७३. आर्थिक समृद्धि, सामाजिक रुपान्तरण अभियान मार्फत संचालित कृषक सहकार्य समुहलाई शुन्य व्याज दरमा ऋण उपलब्ध गराईने छ ।

७४. अति विपन्न, महिला, द्वन्द्व पिडित, दलित, एकल महिला, अपाङ्ग व्यक्तिहरुलाई सहकारी मार्फत व्यवसायमा जोडिनेछ । **'गरिबसँग नगर सरकार'** अभियान मार्फत अति विपन्न महिलाहरुलाई सहकारीमा आवद्ध गराई आय र आत्म निर्भरतामा जोडिने नीति लिइनेछ।

७५. श्रमिक र महिला सहकारी सँस्थाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य नगरद्वारा सञ्चालित विकास निर्माण लगायत बहुउद्धेश्यीय विकास आय-आर्जनमा जोडिने छ ।

७६. स्थानीयस्तरमा रहेको पूँजी, प्रविधि, ज्ञान र सीपलाई सामुहिक भावना मार्फत सहकारीमा आवद्ध गरी एकीकृत शक्तिको रुपमा ब्यवसाय र आय-आर्जनमा जोडिने छ । सोको लागि कम्तीमा ५ वटा सहकारी संस्थाहरुलाई नमूना सहकारीको रुपमा नगरबाट वीउँ पुँजी र अन्य प्रोत्साहनको ब्यवस्था गरिने छ ।

७७. मुसिकोट नगरपालिका भित्रका महिला तथा विपन्न वर्गहरुको आयवृद्धि गर्न सहकारी तथा समुहहरु मार्फत विउँ पुँजी घुम्ती कोष स्थापना गरी लगानी गरिने छ ।

७८. नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासमा जोड दिइने छ ।

७९. ब्यावसायिक रुपमा कृषि उत्पादन गर्न र सो उत्पादित बस्तुहरुको वजारीकरणमा सहकारी संस्थाहरुलाई अभिप्रेरित गरिने छ ।

८०. सहकारी संस्थाहरुलाई सन्चालन गर्न तथा शेयर सदस्यको आवश्यकताको आधारमा सुदृढीकरण, एकिकरण तथा समस्यामा परेका निष्कृय सहकारी संस्थाहरुलाई सक्रिय बनाउन जोड गर्ने र त्यही गर्दा पनि निश्क्रिय रहने संस्थाहरु खारेजीको प्रक्रिया अगाडि बढाईने छ ।

मुसिकोट नगरपालिका

८१. सहकारी संस्थाका सेयर सदस्यहरु तथा कर्मचारीहरुलाई सहकारीसंग सम्बन्धित तालिम तथा अनलाईन प्रविधिमा साक्षर गराई अनलाईन प्रबिधि मार्फत सहकारी संस्थाका गतिविधिहरु सन्चालन गर्न सक्ने गरी क्षमता विकास गरिने र सहकारीको ब्यवस्थित अभिलेखिकरण गरिने छ ।

८२. सहकारी संस्थाहरु ऐन, नियम र सहकारी संस्थाको सिद्धान्तको आधारमा संचालन गराउन नियमनलाई विशेष जोड दिइनेछ । किसानको उत्पादनलाई बजार र रोजगारी सँग जोडन सहकारीको उपयोग गरिने छ ।

८३. विभिन्न कार्यक्रम तथा आयोजना मार्फत (गरीवि निवारण कोष, स्थानीय विकास कोष, गरिवसँग विश्वेश्वर कार्यक्रम, महिला विकास कार्यालय तथा अन्य कार्यक्रम) समुदाय स्तरका समूहहरुलाई उपलब्ध गराएको पुँजी रकम तथा समुहले बचत गरेको विगतदेखि निष्कृय रहेको रकमको अध्यावधिक गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गरी सो रकमलाई समुदायमा रोजगारी सृजना, आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गरिने छ ।

## <u>राजश्व नीति</u>

८४. हाल कोभिड महामारीको कारण हुन गएको बन्दाबन्दीले करदाताहरुको आर्थिक उर्पाजनमा पारेको प्रभाव तथा कर वुझाउन नसकेको अवस्था समेत मध्येनजर गरी करदाताहरुले बुझाउनु पर्ने बक्यौतामा प्रचलित कानून बमोजिम लाग्ने जरिवाना छुट गरिने छ ।

८५. उद्योग व्यवसाय तर्फ आ.व. २०७५/०७६ देखि लगातार करको दायरामा आएका करदाताहरुलाई कर तिर्न तोकिएको समयावधि पौष मसान्तभित्र आ.व. २०७८/०७९ को व्यवसाय करमा ५० प्रतिशत छुट दिनुका साथै ब्यवसाय दर्ता गरेका तर नवीकरण नगरेका र आ.व. २०७७/०७८ नयाँ दर्ता भएका उद्योग व्यवसायीहरुलाई २५ प्रतिशत कर छुट दिइने छ ।

८६. यस नगरपालिकालाई वुझाउनुपर्ने सेवाशुल्क, दस्तुर तथा कर रकम तोकिएको समयावधि भित्रै बुझाएका करदाताहरु मध्येवाट उत्कृष्ट करदाता छनौट गरी उचित सम्मान गरिने छ।

८७. हाल यस नगरक्षेत्र भित्रका नदीजन्य, वनजन्य तथा खानीजन्य प्राकृतिक श्रोतहरु ढुंगा गिट्टी, वालुवा, जडीवुटी, जीवजन्तुमा हुने गरेको चोरी निकासी पैठारी तथा दोहनलाई कानूनको दायरामा ल्याईने छ ।

८८. प्रचलित कानून बमोजिम कर तिर्ने दायित्व भएका तर कर दायरामा नआएकालाई अभियान संचालन गरी करको दायारामा ल्याईने छ ।

८९. नगरपालिका भित्रका करदाताहरुमा करको महत्व र उपयोगिताको जानकारी गराउन करदाता शिक्षा कार्यक्रम संचालन गरिने छ ।

मुसिकोट नगरपालिका

९०. मुसिकोट नगरपालिका क्षेत्र भित्र सम्पन्न भई सकेका तर हालसम्म अभिलेखिकरण र नक्सापास नगरेका सम्पूर्ण घरहरुलाई अभिलेखिकरण र नक्सापास गर्ने कार्यलाई अभियानको रुपमा कार्यान्वयन गरिने छ ।

९१. विगत वर्षहरुमा मदिरा व्यवसायलाई विविध कारणबस करको दायरामा ल्याउन नसकिएता पनि आ.व. २०७८/०७९ मा. करको दायरामा ल्याइ व्यवस्थापन गरिने छ।

९२. कृषि समुह, सहकारी, व्यवसायमा आवद्ध अपाङ्ग, द्वन्द्ध पिडित, दलित, जनजाति तथा महिला उद्यमीहरुको उत्प्रेरणा बढाउन उनीहरुले संचालन गरेका उद्यम व्यवसायमा विगत वर्षको करमा सहुलिएत दिइने छ ।

९३. वजार क्षेत्र भित्रका उद्योग व्यवसायीहरु मात्र नभएर आवासीय घरहरुलाई समेत सरसफाई शुल्क लगाउनुका साथै खलङ्गा वजार लगायत नगरपालिकाका अन्य स्थानमा रहेका वजारहरुको फोहोर समेत व्यवस्थापन गरिने छ ।

## पर्यटन तथा संस्कृति विकास नीति

**"रमाईलो मुसी, मनहुन्छ खुशी"**

९४. मुसी दरबार डिग्रे शाईकुमारी लगायत महत्वपूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक स्थलहरुको उचित संरक्षण पवर्द्धन र जिर्णोद्धार गरी यसको ब्यवस्थापन गर्न नगरले समुचित ब्यवस्थाको प्रबन्धमा संचालन गर्ने नीति लिईने छ ।

९५. धार्मिक, ऐतिहासिक, पर्यटकीय क्षेत्रहरुको पूर्वाधार निमार्णमा लगानी गरी सो बाट प्राप्त सेवाशुल्क, प्रवेश शुल्क, रोयल्टिका आम्दानीहरुलाई ब्यवस्थित गरी संस्थागत विकास गर्ने नीति लिईने छ ।

९६. पर्यटकीय क्षेत्रको रुपमा रहेको ठुली दहसम्म पुग्ने सहज पहुँच मार्ग निर्माण लगायत अन्य पर्यटन पूर्वाधार क्षेत्रमा लगानी गरिने छ ।

९७. नगरपालिका क्षेत्रमा पर्यटन व्यवसायको विकास तथा विस्तारको लागि स्थानीय कला तथा सँस्कृतिहरुको संरक्षण तथा प्रवर्द्धन गर्न टेवा पुऱ्याउने कलाकर्मीहरुलाई उचित किसिमको प्रोत्साहन गरिने छ ।

९८. मुसिकोट नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, सस्कृति, सम्पदा तथा परम्पराको संरक्षणमा जोड दिइने छ ।

९९. यस क्षेत्रमा रहेका ताल, तलैया, पर्यटकीय स्थलको प्रवर्द्धन, विकास र उपयोग मार्फत आन्तरिक पर्यटनको प्रवर्द्धन गरिने छ ।

१००. विपन्न वर्गलाई सहकारी मार्फत होमस्टे सञ्चालन लागि सहयोग गर्ने नीति अवलम्बन गरी आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गरिने छ ।

१०१. डिग्रे शाईकुमारी मन्दिर, कुप्रेकोट डाँडा, ऐतिहासिक शहिद कामी वुढाको जन्म स्थान रहेको गाउँ, सीतलपोखरी, सल्ले सिद्ध गुफा, गोडा मर्चे ओडार, मुसीकोट भ्यु टावर, हन्जली गुफा, थुमाचौर भ्यूटावर, साँख दह, ठूली दह, बारीपोले शाईकुमारी मेला, पानेढुङ्गा

मुसिकोट नगरपालिका

गुफा, रातापहर भोटे गुफा, लुकभिर गुरिल्ला सुरुङमार्ग, चौखेढुङ्गा गुरिल्लावास स्थान, तिनबहिनी गणतन्त्र संचार भ्यूटावर, सानोभेरी नदिमा र्‍याप्टिङ, गुरिल्ला पदमार्ग, कृषि पर्यटन, शैक्षिक पर्यटन, जन्ती बस्ने डाँडा प्याराग्लाइडिङ, ठुलीमुल, सितल पोखरी, छापागैरा र सिद्ध गुफाको पर्यटन प्रबर्द्धन तथा विकास गर्न आवश्यक पहल गरिने छ ।

**नगर सभा सदस्यज्यूहरु,**

**<u>शिक्षा नीति</u>**

**“शैक्षिक गुणस्तर सुधारमा हाम्रो ध्यान, शिक्षाको विकास मार्फत समृद्धिको अभियान”**

१०२. **"कमाउँदै पढ्दै"** नीति अनुसार नगरभित्र संचालित नमूनाको रुपमा एक माध्यमिक विद्यालय छनौट गरी सो अनुसारका कार्यक्रम संचालन गरिने छ ।

१०३. कोभिड १९ को कारणले निर्धारित समयमा शैक्षिक कार्यतालिका बमोजिम पठनपाठन हुन नसकेकोले वैकल्पिक शिक्षण सिकाईका विधिहरु पहिचान र प्रयोगमा जोड दिइनेछ । सबै माध्यमिक विद्यालयहरुलाई इन्टरनेटको सुविधा प्रयोगलाई अनिवार्य गरिनेछ । आधारभुत तहका विद्यालयमा समेत उपयुक्त सम्भव प्रविधिको माध्यबाट इन्टरनेट पहुँच विस्तार गरिने छ ।

१०४. शिक्षामा सुचना तथा संचार प्रविधिको प्रयोगलाई जोड दिदै शिक्षण सिकाइका वैकल्पिक विधिहरुमा मोवाइल, इन्टरनेट, टिभी, रेडियो लगायत अनलाइन तथा अफलाइन सम्भव हुने उपयुक्त विधि पहिचान र उपयोग गरी शिक्षालाई प्रविधिमैत्री बनाईने छ । स्थानीय एफएम रेडियोबाट सम्भव भएसम्म सबै विषय समेटिने गरी रेडियो शिक्षणको व्यवस्था मिलाइनेछ । रेडियो शिक्षणमा अतिरिक्त समयमा सहभागी विषयगत शिक्षकहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिने छ ।

१०५. मुसिकोट नगरपालिका क्षेत्रमा रहेका आधारभूत र माध्यमिक विद्यालयका भवनहरुको स्थापना मर्मत संभार गरि पूर्वाधार सम्पन्न बनाईनेछ । **'एक विद्यालय एक प्रयोगशाला'को** नीति अवलम्बन गरिने छ ।

१०६. नगर क्षेत्रमा कम्तिमा ३ वटा नमूना विद्यालय छनौट गरी ती विद्यालयमा शिक्षक सिकाईका सम्पूर्ण पूर्वाधारको विकास गरी उक्त विद्यालयहरुमा नगर क्षेत्रका जनप्रतिनिधि, शिक्षक, कर्मचारी र पेशाकर्मीहरुका बच्चाहरुलाई अनिवार्यरुपमा भर्ना गरी पठनपाठन गराउने नीति अवलम्बन गरिने छ ।

१०७. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी यसलाई सबै बालबालिकाको लागि अनिवार्य गरिनेछ । प्रारम्भिक बालविकास शिक्षामा कार्यरत सहजकर्ताहरुको सेवा सुविधा बृद्धि गरिनुका साथै क्षमता विकासमा जोड दिइने छ ।

१०८. आधारभुत तहको शिक्षालाई निशुल्क र अनिवार्य, माध्यमिक शिक्षालाई निशुल्क बनाइने, माध्यमिक तहसम्म विद्यार्थीबाट कुनै पनि शुल्क लिन नपाउने गरी विद्यार्थीहरुको लागि

मुसिकोट नगरपालिका

पाठ्यपुस्तक र छात्रबृत्ति वितरण, बार्षिक परीक्षा संचालनको स्रोत व्यवस्थापनलाई निरन्तरता दिइनेछ । नगर प्रमुख छात्रबृती कोष स्थापना गरी आर्थिक रुपले विपन्न, गरिव, दलित समुदाय र कोरोनाबाट अभिभावक गुमाएका बालबालिकाको लागि माध्यमिक तहसम्मको शिक्षा प्राप्तिलाई सुनिश्चितता गरिने छ ।

१०९. शिक्षा क्षेत्रमा गुणस्तरियताका लागि **'विद्यालयमा नगर प्रमुख'** शैक्षिक कार्यक्रम संचालन गरी अनुगमन, निरीक्षण र सहयोगलाई प्रभाकारी बनाइने छ ।

११०. स्थानीय तहमा संचालित निजी लगानीका विद्यालय सहित सबै विद्यालयको नियमित अनुगमन, पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा प्रभावकारी नियमन गरिने छ ।

१११. राष्ट्रिय पाठ्यक्रमले स्थानीय तहबाट निर्माण हुनेगरी छुटयाइएको पाठ्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप व्यावहारिक र जीवनपयोगी एवम् समसामयिक बनाइ लागू गरिनेछ।

११२. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई परिमार्जन गरी मासिक, त्रैमासिक, अर्धवार्षिक र बार्षिक मूल्याङ्कनको व्यवस्था मिलाई शिक्षक, विद्यार्थी, अभिभावक र नगरशिक्षा शाखाको सहभागितामा विद्यार्थी सिकाई उपलब्धीको समिक्षा गरी शिक्षण सिकाइ सुधारका उपायहरु पहिल्याइनेछ । मूल्याङ्कनको अभिलेखीकरण र प्रमाणीकरणलाई व्यवस्थित गरिने छ ।

११३. विद्यालयमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिनेछ । विद्यालयको भौतिक पुर्वाधारको अध्ययन गरी सुधारको कार्ययोजना तय गरिनेछ । सबै माध्यमिक तहमा न्युनतम भौतिक पुर्वाधारको विकास कार्यलाई सम्पन्न गरी आधारभुत तहका विद्यालयहरुमा भौतिक पुर्वाधार निर्माण कार्यलाई जोड दिइनेछ । सबै सामुदायिक विद्यालयमा खानेपानी सुविधाको सुनिश्चितता गरिनेछ । नगरपालिका स्तरमा कुनै ४ स्थानमा शैक्षिक कार्यक्रम संचालनको लागि हल व्यवस्थापनको लागि आवश्यक पहल गरिने छ ।

११४. प्रधानाध्यापकलाई विद्यालय स्तरमा समग्र शिक्षण सिकाइ व्यवस्थापनको नेतृत्वदायी भूमिकाको लागि जिम्मेवार बनाइनेछ । शिक्षकहरुलाई आ–आफ्नो विषयको विद्यार्थी सिकाइ उपलब्धीको लागि जवाफदेही बनाइने छ ।

११५. प्राविधिक तथा व्यावसायिक शिक्षालाई सीपयुक्त बनाई स्थानीय रोजगारी तथा स्वरोजगारी सृजनामा केन्द्रित गरिनेछ ।

११६. शिक्षक तालिमलाई खोज, अनुसन्धान र आवश्यकतामा आधारित बनाई नविनतम प्रविधिमैत्री बनाइनेछ । शिक्षकको पेशागत दक्षता अभिबृद्दि गर्दै गुणस्तरमा सुधार ल्याउनका लागि पेशागत क्षमता विकासमा जोड दिइने छ ।

११७. अति विपन्न बेवारिसे एवं विशेष आवश्यकताका बालबालिकाका लागि आवासीय सुविधा सहितको विद्यालयहरु संचालनलाई निरन्तरता दिइनेछ ।

११८. स्थानीय, मौलिक, लोक कला संस्कृतिको संरक्षण र सम्बर्धनको लागि विद्यालय तथा नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलापलाई स्थानीय मौलिकता झल्कने गरी संचालन गरिने छ ।

मुसिकोट नगरपालिका

११९. नगरस्तरमा संचालित तथा संचालन हुन चाहने संस्थागत विद्यालयहरुले नगरपालिकाको सिफारिसमा आर्थिक रुपले विपन्न, गरिब, दलित तथा सिमान्तकृत समुदायका बालबालिकालाई ऐन, नियमावलीले तोकेको निश्चित कोटामा निशुल्क शिक्षा प्रदानको व्यवस्था मिलाइने छ ।

१२०. नगर पालिका स्तरमा संचालित ट्युशन, कोचिङ्ग सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक छोटो अवधिका तालिम लगायत विद्यालय बाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलापलाई नियमन, अनुगमन, मूल्याङ्कन, अभिलेखीकरण र व्यवस्थापन गरिने छ ।

१२१. विद्यालय स्तरको परीक्षा तथा मूल्याङ्कनलाई नगरपालिका स्तरमा स्टान्डर्ड कायम गर्नको लागि परीक्षा प्रणालीलाई ब्यबस्थित तथा मर्यादित बनाइने कार्यलाई थप प्रभावकारी बनाइने छ ।

१२२. संघीय सरकारबाट तोकिएको राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रमलाई निरन्तरता दिदै यसका लागि नगरपालिकाबाट आबश्यक थप बजेट बिनियोजन गरी बित्तीय साझेदारीमा विद्यालय र नगरपालिका स्तरको खेलकुद तथा अतिरिक्त क्रियाकलाप कार्यक्रम संचालनलाई निरन्तरता दिइने छ ।

१२३. विद्यालय स्तरमा भएका सम्पूर्ण शैक्षिक, भौतिक र प्रशासनिक गतिबिधिहरुको समिक्षा, नगरपालिका र विद्यालय स्तरीय शैक्षिक योजना, कार्यक्रम कार्यान्वयनको लागि नियमित रुपमा प्रधानाध्यापक बैठक संचालन तथा ब्यबस्थापनलाई निरन्तरता दिइने छ ।

१२४. नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको पठनपाठन, अतिरिक्त क्रियाकलाप संचालन, परीक्षा ब्यबस्थापन र अन्य सम्पूर्ण क्रियाकलापहरु समेटिने गरी नगरपालिका स्तरीय बार्षिक शैक्षिक क्यालेण्डर निर्माणलाई निरन्तरता दिइने छ ।

१२५. नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक अभावलाई परिपुर्ति गर्नको लागि उपलब्ध गराईएको नगर स्वयंसेवक शिक्षक कोटालाई निरन्तरता दिइनेछ र यसबाट विद्यार्थी संख्याको अनुपातमा दरबन्दी कम भएका र दरबन्दी नभएका विद्यालयहरुमा शिक्षकको उपलब्धता भई पठनपाठनमा सुधार आउनेछ । नगर स्वयमसेवक शिक्षकहरुको पारिश्रमिकमा बृद्धि गरिने छ ।

१२६. नगरपालिका क्षेत्रमा कार्यरत विद्यालय सहायक र सहयोगीले खाइपाई आएको न्युनतम पारिश्रमिकमा बृद्धि गरी उनीहरुलाई प्रोत्साहित गरिने छ ।

१२७. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा सुधार ल्याउनको लागि माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय, सूचना तथा संचार प्रविधिको पहुँच, शैक्षिक सामग्रीको उपलब्धता र उत्कृष्ट नतिजा तथा कार्यसम्पादन हासिल गर्ने विद्यालयहरुलाई थप प्रोत्साहन अनुदानलाई निरन्तरता दिइ यो सुविधामा आधारभुत तहका विद्यालयहरुलाई समेत समेटिने छ ।

मुसिकोट नगरपालिका

१२८. नगरपालिका क्षेत्रमा रहेका शिक्षकहरुको विषयगत रोष्टर निर्माण गरी आफु कार्यरत विद्यालयको साथसाथै विषयगत शिक्षण अनुभव आदान प्रदान र पेशागत सहयोग तथा पृष्ठपोषणको लागि अन्य विद्यालयहरुमा समेत आमन्त्रित शिक्षकको रुपमा शिक्षण गर्नसक्ने व्यवस्था मिलाइनेछ । अन्य विद्यालय र अतिरिक्त शिक्षणमा सरिक भए वापत विषयगत शिक्षकहरुलाई प्रोत्साहनको व्यवस्था मिलाइने छ ।

१२९. सामुदायिक विद्यालयहरुमा बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत सबै विद्यार्थीहरुका लागि तोकिएको पौष्टिक तत्वहरुको मात्रा रहने गरी दिवा खाजा ब्यवस्थालाई निरन्तरता दिइनेछ । दिवा खाजाको गुणस्तर कायम राख्न पौष्टिकता, सरसफाई, स्थानीयता र अन्य व्यवस्थापनमा थप सुधार गरिनेछ ।

१३०. सामुदायिक विद्यायलयहरुमा अध्ययनरत किशोरी अवस्थाका छात्राहरुलाई महिनावारी भएको बेला प्रयोग गर्ने स्यानिटरी प्याड विद्यालय नर्स मार्फत निशुल्क उपलब्ध गराउने ब्यबस्थालाई निरन्तरता दिइनेछ । स्यानिटरी प्याड आवश्यक पर्ने सबै छात्राहरुको तथ्याङ्क एकिन गरी समयमै विद्यालयमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

१३१. प्रधानाध्यापकको कार्यक्षमता र जिम्मेवारीलाई जवाफदेही गराउनका साथै आगामी शैक्षिक सत्र देखि नगरपालिका स्तरमा आवश्यक सुचकहरु सहित विद्यालयका प्रधानाध्यापकहरुसंग कार्यसम्पादन करार गरिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने प्रधानाध्यापक र शिक्षकहरुलाई पुरस्कृत गरिनेछ भने कार्यसम्पादनमा उल्लेखित शर्त पूरा नगर्ने प्रधानाध्यापकहरुको जिम्मेवारीमा हेरफेर गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ । शिक्षण पेशालाई थप मर्यादित बनाउनको लागि नगरपालिका र शिक्षकहरुवीच नियमित अन्तरक्रिया सहकार्य गरिनेछ । सेवानिवृत्त शिक्षकहरुलाई सम्मान र थप प्रोत्साहन गरिने छ ।

१३२. नगरपालिकाले शिक्षाको क्षेत्रमा गरेका सबै कार्यहरुको शैक्षिक स्मारिका मार्फत प्रकाशन तथा प्रशारण कार्यलाई निरन्तरता दिंदै नयाँ संविधान र संघीयता कार्यान्वयन पछि स्थापना भएका स्थानीय सरकार र तहले शिक्षाको क्षेत्रमा आर्थिक बर्ष २०७४ देखि आर्थिक बर्ष २०७९ सम्म पाँच बर्षको अवधिमा गरेका सबै गतिविधिहरु समेटिएको पाँच बर्षे शैक्षिक स्मारिका मार्फत पाँच वर्ष पुर्वको नगरपालिकाको शिक्षाको अवस्था, पाँच बर्षको अवधिमा गरिएका कार्यहरु र उपलब्धी, पाँच बर्षे अवधिमा शिक्षाको क्षेत्रमा गर्न बाँकी कार्यहरुको समष्टिगत अवस्था सहितको एकमुष्ट शैक्षिक स्मारिका प्रकाशन गरी स्थानीय सरकारको पहिलो कार्यकालको शैक्षिक कार्यहरुलाई अभिलेखीकरण गरिने छ ।

**युवा तथा खेलकूद नीति**

१३३. नगर भित्र संचालन हुने सबै विकास निर्माण, सामुदायिक परिचालन, उद्यमशिलता विकास लगायतका गतिविधिमा युवाहरुको सक्रिय सहभागिता र परिचालन मार्फत कार्यान्वयन गरिने छ।

मुसिकोट नगरपालिका

१३४. युवा लक्षित कार्यक्रमलाई प्रभावकारी बनाउन आर्थिक, सामाजिक, पूर्वाधार विकास व्यवसाय जन्य क्रियाकलापमा एकीकृत गरी परिचालन गर्न र नगरस्तरीय युवा नीति अवलम्बन गरिने छ ।

१३५. हरेक क्षेत्रमा युवा परिचालनको नीति अनुसार युवानै परिवर्तनको सम्वाहक भएकोले उनीहरुलाई व्यवस्थाप्रति निराशा आउन नदिई आय-आर्जनमा लगाउन, विकास, विपद् ब्यवस्थापन, संस्कृति प्रवर्द्धन लगायत रचनात्मक सहभागिता जनाउन विशेष युवा लक्षित प्रोत्साहन कार्यक्रम अवलम्बन गरिने छ ।

१३६. युवा उद्यमी कार्यक्रम अन्तर्गत प्रत्येक वडामा कम्तिमा १० जनाका दरले सवै वडाहरुमा युवा लक्षित स्वरोजगार कार्यक्रम संचालन गरिने छ । पच्चीस हजार रुपैयाँसम्मको युवाहरुले स्वयम् पेश गरेको परियोजनाको सम्भाव्यता हेरेर पचास प्रतिशत नगरपालिकाबाट प्रोत्साहन अनुदान सदुपयोग सुनिश्चितका आधारमा दिईने छ ।

१३७. युवाहरुको सीप, क्षमता, दक्षता र प्राविधिक ज्ञानलाई मुसिकोटको विकासमा लगाई युवा रोजगारीको लागि प्राविधिक सहयोग उपलब्ध गराईनेछ । उच्च सीपको आवश्यकता भएका युवाहरुलाई लक्षित गरी सीप स्तरोन्नतिका तालिमहरु उपलब्ध गराईनेछ । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको सीपलाई प्रयोग गर्न मुसिकोट नगरपालिकामा सीपको नक्शांकनको माध्यमद्वारा प्राविधिक शिक्षालयहरुसँग सहकार्य गरी युवा स्वरोजगार कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

१३८. युवा प्रतिभा पहिचान, युवा उद्यमशीलता तथा स्वरोजगार, युवा महोत्सव र उत्कृष्ट खेलाडीलाई प्रोत्साहनका कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

१३९. मुसिकोट नगरपालिकामा योग्य र सबल नागरिक निर्माण गर्न युवाहरुका लागि खेल, मनोरञ्जन, ज्ञान र सीपको विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१४०. प्रत्येक वडामा क्रमश: खेल मैदान निर्माण गरिनेछ । वडास्तरीय र नगरस्तरीय खेलकुद आयोजना गरेर युवाहरुमा खेलप्रति अभिरुचि जगाउँदै **“स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलाडि”**को भावना विकास गर्दै लगिने छ ।

१४१. पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जग्गा प्रयोगमा ल्याइने छ ।

१४२. मुसिकोट नगरपालिकामा निर्माणाधिन रंङ्गशाला तथा खेलकूद मैदानको निर्माणका कार्य यथाशिघ्र सम्पन्न गरिने छ ।

<u>**स्वास्थ्य नीति**</u>

"**अर्गानीक दाना पोषिलो खाना, स्वस्थ नागरिक नगर सरकारको चाहना**” मा आधारित रही स्वास्थ्य क्षेत्रका नीति तथा कार्यक्रम तय गरिएका छन ।

मुसिकोट नगरपालिका

१४३. कोभिड १९ को महामारीलाई व्यवस्थापन गर्न नगर क्षेत्रमा रहेका आधारभूत स्वास्थ्य केन्द्र, आयुर्वेर्दिक औषधालयमा जनशक्तिको समूचित प्रवन्ध गरी हरहमेसा चुस्त हालतमा राखिने छ ।

१४४. यस आ.व. मा सबै वडाहरुमा अनिवार्य रुपमा स्वास्थ्य चौकीहरुको स्थापना र संचालनमा ल्याईनेछ भने छिबाङ्ग र साँखमा रहेका स्वास्थ्य चौकीमा पूर्वाधार जीर्ण भएकोले ठूलो र फराकिलो व्यवस्थित स्थान सहितको नमूना स्वास्थ्य भवन निर्माण गरिने छ ।

१४५. आमा सुरक्षा कार्यक्रम अन्तर्गत सुरक्षित सुत्केरी सेवा प्रदान गर्न मुसिकोट नगर भित्र संचालनमा रहेका बर्थिंग सेन्टरलाई आवश्यकताको आधारमा थप सुविधा युक्त बनाई संचालनमा ल्याइने छ । उक्त वर्थिङ्ग सेन्टरबाट गुणस्तरीय सेवाप्रवाह मार्फत सुत्केरी सेवा लिने संख्यामा वृद्धि गर्ने र स्वास्थ्य संस्थामा सुत्केरी भएका सम्पूर्ण आमा तथा नवजात शिशुको तेस्रो प्रसुति जांच कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१४६. नगरपालिका अन्तर्गत हाल संचालनमा रहेका स्वास्थ्य केन्द्रहरुमा बिरामी बेड, अक्सिजन कन्सनट्रेटर, अक्सिजन सिलिन्डर, अक्सिमिटर र अन्य आवश्यक स्वास्थ्य सामाग्रीहरु सहित स्वाथ्य केन्द्रहरुलाई पूर्णक्षमतामा संचालन गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाईने छ ।

१४७. नगरपालिका भित्र नयाँ निर्माण हुन बाँकी रहेका वडाका स्वास्थ्य केन्द्र भवन निर्माण कार्य सम्पन्न गरि आवश्यक स्वास्थ्य सामाग्री र जनशक्ति सहित संचालनमा ल्याइने छ।

१४८. नगरपालिकाको स्वामित्वमा रहि संचालनमा रहेको प्रयोगशाला सहितको स्वास्थ्य सेवा केन्द्र झुल्खेतलाई थप भौतिक पूर्वाधार, उपकरण, टेली मेडिसिन सेवा र जनशक्ति सहित पूर्ण क्षमतामा स्वास्थ्य सेवा केन्द्र संचालन गरिने छ ।

१४९. नगरपालिकामा सेवा लिन आउने स्तनपान गराउने सेवाग्राहीलाई छुट्टै कोठामा बसी शिशुलाई स्तनपान गराउनको लागि स्तनपान कक्षलाई व्यवस्थित गरी संचालनमा ल्याइने छ ।

१५०. मुसिकोट नगरपालिकाको सल्लेमा संचालित आँखा अस्पताललाई आवश्यक पर्ने सामाग्री खरिद गरी आँखा अप्रेशन गर्ने कार्य संचालनमा ल्याईने छ ।

१५१. स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा विरामीको लागि वितरण गरिने औषधी आवश्यकताको आधारमा आपूर्ति गरिने छ ।

१५२. कोभिड १९ महामारी, विपद्जन्य घटनामा परेका जनतालाई तथा अन्य संक्रामक रोगको रोकथाम, नियन्त्रण तथा उपचारको प्रयोजनका लागि संचालनमा नरहेका स्कुल, खाली भवन, महिला भवन र अन्य सार्बजनिक खाली भवनलाई क्वारेन्टाइन र आइसोलेशन संचालन गर्न सम्भाव्यता अध्ययन गरी तयारी गरिने छ।

१५३. मुसिकोट नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१५४. नगरवासिहरुलाई खोप लगाई कोभिड १९ बाट सुक्षित गर्न खोप सुनिश्चिताको लागि आवश्यक पहल गरिने छ ।

मुसिकोट नगरपालिका

१५५. बर्थिङ्ग सेन्टरमा सुरक्षित सुत्केरी हुन नसक्ने गर्भवती आमाहरुलाई आकस्मिक उद्धार गरी सुबिधा युक्त अस्पतालमा पठाउन आमा सुरक्षा कोषको स्थापना गरिने छ।

१५६. स्वास्थ्य सेवा केन्द्र तथा स्वास्थ्य चौकीमा उपचार सम्भब नहुने बिरामीको लागि बिशेषज्ञ डाक्टरसंग टेली मेडिसिन प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा प्रदान गरिने छ ।

१५७. गर्भवती महिलाहरुको सहजताको लागि स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिमको सहकार्यमा घुम्ती भिडिओ एक्सरे सेवा संचालन गरिने छ ।

**<u>आयुर्वेद नीति</u>**

१५८. आयुर्वेदिक औषधीको प्रयोग र यसको अवलम्बनमा व्यापक प्रचार प्रशार र जनचेतना जगाइने छ ।

१५९. मुसिकोट नगरपालिकाको पायक पर्ने स्थानको खोजी गरी आयुर्वेदिक औषधालयको भवन लगायतका आवश्यक पूर्वाधारको निमार्ण गर्न पहल गरिने छ ।

१६०. मुसिकोट नगरपालिमा क्षेत्रमा पाईने स्थानीय जडिबुटी तथा उपचारमा संलग्न परम्परागत स्वास्थ्यकर्मीको अभिलेखीकरण गर्दै जडिबुटीको संरक्षण र उपयोग गरिने छ ।

१६१. औषधालयमा औषधी, योग र आयुर्वेदिक आरोग्य शैली सम्बन्धी परामर्श, पन्चकर्म थेरामी तथा दीर्घ रोगी, बाल, जेष्ठ नागरिक, स्तनपायी महिलालाई निशुल्क पोषिलो र रोग प्रतिरोध क्षमता अभिबृद्धि गर्ने औषधी प्राप्तिको सुनिश्चिता गरिने छ ।

१६२. परम्परागत स्वास्थ्यकर्मीलाई जडिबुटी सम्बन्धी तालिम योग, स्वास्थ्य जीवनशैली तथा प्रकृति अनुकलनका सरसफाई समबन्धी सचेतना, तालिम र नियमन मार्फत आयुर्वेद उपचारको मुलप्रवाहमा समाबेस गरिने छ ।

**नगर सभा सदस्यज्यूहरु,**

**<u>महिला नीति</u>**

१६३. द्वन्द्ध पिडित एकल महिला र दलित महिलाद्वारा संचालित उद्योग तथा व्यवसायमा विशेष छुटको ब्यवस्था गरिनेछ । उनीहरुद्वारा संचालित व्यवसायमा प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था गरिने छ ।

१६४. नगरपालिकाद्वारा संचालित भौतिक, सामाजिक, आर्थिक विकासका कार्यहरुमा उत्साह जनक सहभागिता जनाउन र उनीहरुमा नेतृत्व विकास गर्ने विशेष नीति अवलम्बन गरिने छ ।

१६५. नगरपालिको टोल, वडास्तरमा महिला समुह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आयआर्जनमा बृद्धि गरिने छ ।

१६६. लैंगिक हिंसा, घरेलु हिंसा सम्वन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी हिंसा बिरुद्धको कानुनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिइने छ ।

१६७. हिंसामा परेका महिलाहरुलाई आपतकालीन उद्धारका लागी सेफ हाउस व्यवस्थापनका लागि आवश्यक सहयोग गरिने छ ।

मुसिकोट नगरपालिका

१६८. महिलाहरुमा हुने वा हुन सक्ने स्वास्थ्य समस्याको जटिताका आधारमा क्रमशः स्वास्थ्य शिवीर सञ्चालन गरिने छ ।

१६९. सानो लघुउद्यम गर्न ईच्छुक अति विपन्न, कोभिड लगायत अन्य कारणले घरमुलिले ज्यान गुमाएका परिवारका आश्रित महिलाहरुलाई आयआर्जन र स्वरोजगारीसँग जोड्न उनिहरुले पेश गरेको परियोजनाको आधारमा आर्थिक प्रोत्साहन दिने कार्यक्रम अगाडि बढाईने छ । उनीहरुलाई व्यवसायबाट पलायन हुन नदिन सहजीकरणमा जोड दिईने छ।

१७०. बिपन्न तथा कोभिड महामारीको कारण आर्थिक रुपमा बञ्चितीकरणमा परेका महिलाहरुलाई व्याबसाय संचालन तथा आयमूलक कार्यमा संलग्न गराई स्वरोजगारी सृजना गर्न व्यावसायिक तथा सीप मूलक तालिम संगै बिउ पूँजीको व्यवस्था मिलाईने छ।

१७१. स्थानीय तहका कार्यक्रम तर्जुमा गर्दा लैंगिक विश्लेषण र लैंगिक बजेट प्रणालीलाई अनिवार्य गर्दै अनुगमन तथा मूल्यांकनका संयन्त्र निर्माण गरिने छ ।

१७२. कोभिड महामारीबाट प्रभावित भएका महिलाहरुका लागि मनोविमर्श सेवा संचालन गरिने छ ।

१७३. हिंसामा परेका महिलाहरुलाई सहज न्यायमा पहुँच, आवश्यक संरक्षण र आत्म निर्भताको लागि व्यवसाय संचालन गर्न अनुदान दिनको लागि हिंसा निवारण कोषलाई निरन्तरता दिईने छ ।

<u>**बालबालिका नीति**</u>

१७४. कोभिड १९ का कारण ज्यान गुमाएका व्यक्तिहरुका छोराछारीलाई बार्षिक शैक्षिक वृतिमा विशेष व्यवस्था गरिनेछ । सोका लागि निजी विद्यालय र शैक्षिक प्रतिष्ठानहरुमा निश्चिच प्रतिशत छुट्याउन बाध्यकारी नीति अवलम्बन गरिने छ ।

१७५. दलित, विपन्न र जेहेन्दार विद्यार्थीको पठनपाठनमा सहजताका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरिने छ ।

१७६. बालश्रम शोषण, बालबिबाह र बालहिंसा एवं बाल दुर्व्यवहार न्युनीकरण सम्बन्धी तर्जुमा भएका कानूनहरुको बारेमा सचेतनाका कार्यक्रम संचालन गर्दै उक्त कानूनहरुलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ ।

१७७. विभिन्न कारणले जोखिममा रहेका बालाबालिकाको आपतकालिन उद्धार तथा पुनस्थापनको लागि वाल उद्धार कोष स्थापना गरिने छ ।

१७८. विद्यालय, नगर तथा वडामा बालक्लव गठन गरी चेतना अभिवृद्धिमुलक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

१७९. टुहुरा, अनाथ, एवं संरक्षण विहीन बालबालिकालाई वैकल्पिक संरक्षणका लागी उचित व्यवस्थापनका लागी पहल गरिने छ ।

मुसिकोट नगरपालिका

१८०. सामुदायिक विद्यालयका वालमैत्रि कक्षा शिक्षक र बालविकास केन्द्रको सहयोगी शिक्षिकालाई सामाजिक मनोचिकित्सा सम्वन्धी प्रशिक्षण तालिम सञ्चालन गरिने नीति लिइने छ ।

१८१. स्थानीय तहमा सडक तथा बेबारिसे बालबालिकाहरु लगायत दुर्व्यशनमा फसेका बालबालिकाहरुको पहिचान गरि उनीहरुको पुर्नस्थापना कार्यक्रम संचालन गरिने छ ।

१८२. बालमैत्री स्थानीय शासनको सुनिश्चितता गर्न नीति बनाई बाल संबेदनशील बजेट तथा कार्यक्रम तर्जुमा गरिने छ ।

१८३. बालबालिकाको मनोरञ्जनका लागी नगरपालिका भित्र बाल उद्यान निर्माण तथा सञ्चालन गरिने छ ।

१८४. मुसिकोट नगरपालिका अन्तर्गत बालिकामैत्री, आपाङ्गमैत्री, सुरक्षित विद्यालय तथा स्वास्थ्य केन्द्रहरुको प्रवर्द्धन गर्न पूर्वाधार सुधार ताथ विद्यालयमा स्यानीटेरी प्याड, बालिका र अपाङ्ग लक्षित खेलकुद लगायतका कायक्रमहरु संचालन गरिने छ ।

१८५. संरक्षण विहीन तथा जोखिममा परेका बालबालिकाहरुलाई तत्काल उद्वार गर्न बाल उद्दार कोष स्थापना गरी संचालनमा ल्याईने छ ।

**<u>अशक्त तथा अपांगता नीति</u>**

१८६. अपाङ्गता व्यक्तिहरुबाट सञ्चालित व्यवसायीक फर्म, आयआर्जन क्रियाकलाप, कृषिउपज उत्पादन, पशुपालन व्यवसायमा उनीहरुले पेश गरेको परियोजनाको लागि नगर सरकारबाट विशेष प्रोत्साहन र सहयोगको कार्यक्रम सञ्चालन गरिनेछ । सोको प्रभावकारिताको लागि नियमन गरिने छ ।

१८७. यस नगरपालिका भित्र हरेक भौतिक पुर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने नीति लिइने छ ।

१८८. नगरपालिका भित्रका अपांगता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाई लागु गरिने छ ।

१८९. अपांगता भएका व्यक्तिहरुको सहज जीवन यापनका लागी आवश्यकताका आधारमा सीपमुलक तालिम दिई व्यावसाय संचालन गर्न अनुदानको व्यवस्था गरिने छ ।

१९०. अपांगता भएका व्यक्तिहरुलाई सहजरुपमा अपांगता परिचय पत्र प्राप्तिको लागि वडा वडामा घुम्ती सेवा शिविर संचाल गरिने छ ।

१९१. अपांगता भएका व्यक्तिहरुको पक्षमा तुर्जुमा गरिएका ऐन नियम तथा कानुनलाई समुदायका अपांगता भएका व्यक्ति र आश्रित परिवारहरु समक्ष पुर्याउनको लागि आवस्यक कृयाकलापहरु सञ्चालन गरिने छ ।

१९२. अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापन गर्न कृत्रिम हात, खुट्टा, ह्विलचियर लगायत आवश्यक सामाग्री वितरणको व्यवस्था गरिने छ ।

मुसिकोट नगरपालिका

**<u>जेष्ठ नागरिक नीति</u>**

१९३. ७५ वर्ष भन्दा माथिका सामाजिक सुरक्षा भत्ताबाट जीवन निर्वाह हुन नसक्ने वा धानिन नसक्ने अति विपन्न, सहारा विहीन जेष्ठ नागरिकलाई नमूनाको रुपमा नगर सरकारबाट थप सहायताको लागि वार्षिक दुई हजार रुपियाँ पौष्टिक आहार भत्ता दिई सामाजिक संरक्षण गरिने छ ।

१९४. पालिका भित्र रहेका ज्ञान तथा अनुभवका खानी जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्था, दुखसुख तथा पिरमर्काहरुसँग सरकार जेष्ठ नागरिककै साथमा छ भन्ने भावना बनाई राख्न आवश्यक सामाग्री सहितको जेष्ठ नागरिकको लागि **"नगरको नासो कार्यक्रम"** संचालन गरिने छ ।

१९५. जेष्ठ नागरिकको अनुभव ज्ञान सीप हस्तान्तरण गर्न ज्येष्ठ नागरिक आरोग्य केन्द्र सञ्चालन गरी **'जेष्ठ नागरिकसँग नगर प्रमुख संवाद'** कार्यक्रम सञ्चालन गरिने छ ।

१९६. परिवारबाट अपहेलनामा परेका, घरबार विहिन भएका, अति गरिब र अशक्त जेष्ठ नागरिक राख्न मिल्ने खलङ्गा, सेरीगाउँ, सल्ले आसपासको उपयुक्त स्थानमा करिब ५० जना जेष्ठ नागरिक राख्न मिल्ने खानपान र आरोग्य व्यवस्थापन सहितको ज्येष्ठ नागरिक आवास स्थापना र सञ्चालनको कार्य अगाडि बढाईने छ ।

१९७. सबै जेष्ठ नागरिकलाई अनिवार्य रुपमा स्वास्थ्य विमा कार्यक्रम भित्र आवद्ध गरिने छ ।

१९८. ज्येष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाई ध्यानमा राखी क्रमशः स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

१९९. **"जेष्ठ नागरिक अनुभवका खानी, जेष्ठ नागरिकलाई बसालौं सम्मान गर्ने बानी"** भन्ने नारालाई आत्म साथ गर्दै जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।

२००. जेष्ठ नागरिकहरुको लागी एक्लो महशुस अन्त्य गर्न नगर स्तरीय जेष्ठ नागरिक दिवा सेवा संचालन गरिएकोमा क्रमशः सवै वडामा जेष्ठ नागरिक दिवा सेवा संचालन विस्तार गरिने छ ।

**<u>दलित नीति</u>**

२०१. उत्पीडित र अति विपन्न दलित समुदायलाई स्वरोजगारी सँग जोडन पशुपालन, कृषि उत्पादन, लघुउद्यम व्यवसायमा जोड दिईने छ ।

२०२. भुमिहिन तथा घरवार विहिन दलित परिवारका सदस्यहरुको संभाव्य स्थानहरुमा सुविधाजनक आवास कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

२०३. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छानमुक्त अभियानमा पहिलो प्राथमिकता राखी कार्यक्रम संचालन गरिने छ ।

२०४. दलित समुदायको सघन वस्ती भएका क्षेत्र वा प्राविधिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा संभाव्य देखिएका स्थानहरुमा समावेशी, जातीय सदभावयूक्त नमुना ग्रामीण तथा शहरी वस्ती स्थापना गरिने छ ।

मुसिकोट नगरपालिका

२०५. दलित समुदायमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, व्यवसायिक, आर्थिक रुपान्तरणका लागि सचेतना एवं सशक्तिकरण अभियान सञ्चालन गरिने छ ।

२०६. दलित समुदायको परम्परागत सिपलाई आधुनिकिकरण गर्दै उद्योगको रुपमा विकास गरिने नीति अवलम्वन गरिने छ ।

**आदिवासी जनजाति नीति**

२०७. आदिवासी जनजातिको भाषालाई प्रोत्साहन गर्न आधारभूत तह सम्मका शिक्षा पाठ्यक्रम स्थानीय भाषामा सञ्चालन गर्न उचित प्रवन्ध गरिने छ । सबै आदिवासी जनजातीहरुको भाषा, संकृति र भेषभुषा संरक्षण र प्रवर्द्धन गर्न नगरपालिकाबाट उचित सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।

२०८. आदिवासी जनजातीसँग सम्वन्धित पुरातात्विक बस्तु संग्रहालयलाई थप व्यवस्थित गर्दै लगिने छ ।

**द्वन्द्व पिडित तथा सहिद परिवार**

२०९. देश र जनताको लागि शहिदहरुले गरेको योगदानको उच्च कदर गर्दै सहिद स्मृति प्रतिष्ठान, सहिद परिवार सम्मान तथा सामाजिक सुरक्षा भत्ता कार्यक्रम संचालन गरिने छ।

**गैर सरकारी संघ संस्था नीति**

२१०. नगरपालिकालाई कार्यक्षेत्र राखी सञ्चालनमा रहेका गैरसरकारी संस्थाहरुको कामकारवाहीलाई नगरको नीति, योजना र प्राथमिकताको क्षेत्रमा काम संचालन गर्ने गरी परिचालन गरिने छ ।

२११. गैर सरकारी संस्थाहरुवाट सम्पादन गरिएका कार्यक्रमहरुको प्रभावकारिता सम्वन्धमा अनुगमनको व्यवस्था मिलाईने छ । नगरको नीति र कार्यक्रमको परिधि भित्र रही गैर सरकारी संस्था र नगरपालिकाको साझेदारीमा आयआर्जन, उद्यमशिलता विकास, साना पूर्वाधार निर्माण र सशक्तिकरणका कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।

**नगर सभा सदस्यज्यूहरु,**

**पूर्वाधार विकास नीति**

**"समृद्धीको मूल आधार, विकासमैत्री पूर्वाधार"**

२१२. हामी निर्वाचित भए पश्चात हालसम्म पूर्वाधार क्षेत्रमा निर्माण गरिएका सडक, सडक पुल, सिँचाई, घोडेटोबाटो, खानेपानी र भवनको समिक्षा गरी आगामी आर्थिक वर्षमा गरिने पूर्वाधार सम्बन्धी काम प्राथमिकता र आवश्यकताको आधारमा पूर्वाधारका कार्य अगाडि बढाईने छ ।

मुसिकोट नगरपालिका

२१३. **"हाम्रो मुसिकोट, राम्रो मुसिकोट, हाम्रो वडा राम्रो वडा, हाम्रो टोलको विकास जनताको अपेक्षित निकास"** भन्ने नाराका साथ जनतालाई विकास निर्माण प्रक्रियामा अधिकतम सहभागिता गराईने छ ।

२१४. शहरी शासकीय, प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम जस्ता जनताको सहभागिता मार्फत संचालित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

२१५. राप्ति तथा मध्य पहाडी राजमार्गमा यात्रु प्रतिक्षालय तथा यातायात विश्राम स्थल र सार्वजनिक शौचालय निर्माण गर्न पहल गरिने छ ।

२१६. स्थानीय नदी, खोला तथा बगरहरुवाट नदिजन्य पदार्थ उत्खनन तथा संकलनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गरी कार्यान्वय गरिने छ ।

२१७. नक्सा पास कार्यविधि पास भई नक्सा पासको काम समेत शुरु भईसकेको परिप्रेक्ष्यमा सो काम लाई अझै प्रभावकारी वनाउनका लागि रेडियो कार्यक्रम, प्रचार सामाग्री छपाई, अभिमुखीकरण तालिम र गोष्ठी संचालन गरिने छ ।

२१८. संघ र प्रदेशमा योजना माग गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) अनिवार्य हुँदा सडक पुल, स्थानीय सडक, भवन, खानेपानी, सिंचाई आदिको DPR तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

२१९. ढल निर्माण कार्य सम्पन्न भइसकेको खलंगा वजार तथा आसपासका क्षेत्रवाट निस्कने दुषित पानी व्यवस्थापन ( Waste Water Management) का लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरि कार्यान्वयन गरिने छ ।

२२०. मुसिकोट नगर पालिकाको बजार क्षेत्रहरुमा नियमित पानी तथा वाथ रुम सहितको सार्वजनिक शौचालय निर्माण गरिने छ ।

२२१. वाढी, पहिरो, महामारी जस्ता विपद जन्य घटना पीडित नगरबासिलाई उद्धार प्रश्चात आश्रय दिनका लागि सदरमुकाम आसपासको क्षेत्रमा २० देखि ३० जना सम्म क्षमता भएको बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गर्न पहल गरिने छ ।

२२२. पूर्वाधार निर्माण कार्यलाई अझै पारदर्शी, मितव्ययी र प्रभावकारी वनाउनका लागि योजनाहरुको वर्गीकरण गरी स्थानीय आयोजना वैंक स्थापना गर्ने र कार्यान्वयन योग्य योजनाहरु क्रमशः कार्यान्वयमा गरिने छ ।

२२३. पालिका क्षेत्रवाट उत्पादित दुधको प्रशोधन एवं बजारीकरणका लागि नागरिक सहकारी संस्थाद्धारा संचालित दुध सहकारी संस्थालाई आर्थिक एवं भौतिक सहयोग गरी संस्थाको नाममा रहेको मुसिकोट नगरपालिका १२ मा रहेको खाली जग्गामा दुग्ध प्रशोधन उद्योग स्थापना गरी कृषकको दुधको बजारीकरणको पुर्ण सुनिश्चितता गरिनेछ । यसका लागि प्रारम्भिक चरणको पूर्वाधारको तयारी गरिने छ ।

२२४. सवारी साधनहरुलाई व्यवस्थित रुपमा पार्किङ्ग गर्न मुसिकोट नगरपालिका वडा नं १ को सल्लेमा सिटि वस पार्क निर्माण गरिने छ ।

मुसिकोट नगरपालिका

२२५. नगरपालिकाको बजार क्षेत्र खलङ्गामा रहेको बालमन्दिरको जिर्णोद्वार र उपयोगमा ल्याईने छ।

**<u>झो.पु.नीति</u>**

२२६. मुसिकोट नगरपालिकामा आवश्यक रहेका नदि तथा खोलाहरुमा नगरबासीहरु सहज आवजजावत गर्न आवश्यकताको आधारमा झुलुङ्गे पुल निर्माण कार्यलाई अगाडि बढाईने छ ।

**<u>सडक नीति</u>**

**"सडकको सुविधा जतातत‍ै, यातायातको अभाव हुने छैन कतै"**

२२७. मुसिकोट नगरपालिकाका सवै वडा कार्यालयहरुसम्म कच्ची सडक पहुँच पुगेकोमा अव स्तरउन्नती तथा आवश्यक मर्मत गरी बाह्रै महिना संचालन योग्य बनाईने छ ।

२२८. स्थानीय सडकहरु निर्माण गर्दा प्राकृतिक माटोको क्षय भई प्राकृतिक प्रकोप निम्तिन सक्ने संभावनालाई मध्यनजर गरी त्यसको न्यूनिकरण गर्न वायो ईन्जिनियरिङ कार्यको सुरुवात गरिने छ ।

२२९. स्थानीय सडकहरु निर्माणको कामलाई वातावरण मैत्री र दिगो वनाउनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी कार्यान्वय गरिने छ ।

२३०. सडक स्तरोन्नतिको मुख्य काम नै सडक चौडाई, घुम्ती तथा चढाई सुधार भएको र यसका लागि अतिरिक्त जग्गा आवश्यक पर्ने भएकोले सो को सुनिश्तता गरेर मात्र योजना माग गर्ने वा कार्यान्वयन गर्ने नीति लिइने छ ।

२३१. बढ्दो सवारी दुर्घटना न्यूनिकरण गर्न ट्राफिक प्रहरीसंगको समन्वयमा सडक सुशासन सम्वन्धी सचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ ।

२३२. सार्वजनिक जग्गा/सडक अतिक्रमण गरी घर टहराहरु निर्माण गर्दा एकातिर नगरका सौन्दर्य विग्रिने र अर्को तिर दुर्घटनाको जोखिम बढने भएकाले जग्गा च्यापी तयार गरिएका घर टहरा वर्कसपहरु समन्वयात्मक रुपमा वैठक वसी हटाउने प्रक्रिया अगाडि वढाइने छ ।

२३३. सडकहरुको मुख्य सत्रु भनेको जथाभावी वग्ने र बगाइने पानी हो । पानी व्यवस्थापन तथा सडकको नियमित मर्मत संभारका लागि कम्तिमा वर्षातको ४ महिनाका लागि सडक खन्न पूर्ण रोक लगाईने छ र सडक संरक्षणका लागि संरक्षक नियुक्त गर्ने व्यवस्था मिलाइने छ ।

मुसिकोट नगरपालिका

**खानेपानी नीति**

**"नगर सरकारको अविभारा, जनताका घरघरमा स्वच्छ पानीका धारा"**

२३४. खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पूर्वाधार विकास गरी खानेपानीको आपुर्ति व्यवस्था गरिने छ सबै नगरवासीहरुलाई भरपर्दो, शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि एक घर एक धारा नीति सबै वडाहरुमा विस्तार गरी कार्यान्वय सम्पन्न गरिने छ।

२३५. नगरपालिका भित्र आवश्यक खानेपानी योजनाहरुको दिगो सुची तयार गरी पुर्व संभाव्यता अध्ययन गरिने छ ।

२३६. लिफ्टिङ खानेपानी शुरुवात भएका स्थानहरुमा प्रभावकारी कार्यान्वयन गरिनुका साथै नयाँ आयोजनाहरु साझेदारीमा संचालन गरिने छ ।

**सिंचाई नीति**

**"कृषि खेतीका लागि सिंचाई, आर्थिक अन्नतीमा उचाई"**

२३७. नगरपालिका क्षेत्र भित्रका खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्राकृतिक मूल संरक्षण तथा पोखरी निर्माण गरी सिंचाईका सुविधाहरु उपलब्ध गराउने नीति अवलम्बन गरिने छ ।

२३८. प्रर्याप्त सिंचाईको सुविधाको पूर्तिका लागि प्रदेश सरकार, संघीय सरकारसँग प्रर्याप्त सहकार्य गरिने छ ।

२३९. नगरको विभिन्न क्षेत्रमा बहुउपयोगी पुनर्जलीय (Refill Tank) निर्माण गरिने छ ।

२४०. **"किसानका गरा सधैं हराभरा"** हुने गरी सिञ्चित हुन बाँकि रहेका जग्गा जमिनहरुमा वैकल्पिक प्रविधिको प्रयोग गरी सिँचाईको प्रवन्ध गरिने छ ।

**भवन नीति**

**भवनको सौन्दर्यता, भुकम्प प्रतिरोधी भौतिक संरचना अपरिहार्यता**

२४१. भवन नक्सा पास तथा अभिलेखिकरण कार्यलाई प्रभावकारी वनाउनका लागि हाललाई सदरमुकाम आस पास तथा वजार क्षेत्रका भवनहरुको अभिलेखाङ्कन कार्यको थालनी गरिने छ ।

२४२. प्रत्येक वडा कार्यालयहरुको आफ्नै भवन निर्माण गर्ने कार्यलाई तिव्रताका साथ अगाडि बढाईने छ।

२४३. सार्वननिक तथा नीजि भवनहरुको निर्माण गर्दा प्रभावकारी रुपमा राष्ट्रिय भवन संहिताको पालनामा जोड दिईने छ ।

२४४. नगरपालिकालाई वातावरणमैत्री नगरपालिका निर्माण गर्नको लागि यस आ.व. भित्रमा नै एक घर दूई रुख तथा एक घर दुई गमला अभियानको रुपमा संचालन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

मुसिकोट नगरपालिका

२४५. नक्शा पास विना निर्माण भएका नगर क्षेत्रका घरहरुको अभिलेखिकरण गर्न चालु आवमा निवेदन दिई प्रकृयामा आउनेलाई लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिईने व्यवस्था गरिने छ ।

<u>**विधुतिकरण नीति**</u>

२४६. **"उज्यालो मुसी, मन हुन्छ खुशी"** नाराका साथ आगामी आवमा नगरपालिकालाई पूर्ण विद्युतिकरण गरी अध्यारोमुक्त नगरपालिका घोषणा गरिने छ ।

२४७. नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित साना लघुजलविद्युत आयोजनाहरुको मर्मत सम्भारका लागि नेपाल विद्युत प्राधिकरण रुकुम पश्चिम सँगको सहकार्य, समन्वयमा संचालन गरिने छ ।

**नगर सभा सदस्य ज्युहरु !**

<u>**वन तथा वातावरण नीति**</u>

**"जलाधार जोगाऔं, वातावरण बचाऔं"**

२४८. सामुदायिक वन तथा अन्य निकायको सहयोगमा एक वडा एक नर्सरी कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

२४९. नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरण संरक्षणसँग आवद्ध गरिने छ ।

२५०. वनलाई वातावरण संरक्षण सँगसँगै आय आर्जनसँग जोडेर सदुपयोग गर्ने नीति अवलम्वन गरिने छ ।

२५१. नदी, खोल्सा किनाराको दुवै तर्फको २० मिटर भूमिमा रुख तथा बोटविरुवा कटानलाई निरुत्साहन गरिनेछ । साथै एक रुख कटानी गरे वापत कटानी गर्ने गराउनेलाई कम्तिमा पाँच वटा विरुवा रोपण गर्न लगाई हुर्काउनु पर्ने नीति अवलम्वन गरिने छ।

२५२. खोला, नदिमा विद्युतिय करेन्ट र विषादी प्रयोग गरी माछा मार्ने कामलाई निरुत्साहित गरी अटेर गर्नेलाई दण्ड जरिवाना गरिने छ ।

२५३. जलाधार संरक्षणका लागि आवश्यक कार्यक्रमको व्यवस्था मिलाइने छ ।

<u>**फोहरमैला व्यवस्थापन नीति**</u>

२५४. **"फोहर जसले गर्छ उसले मुल्य तिर्नु पर्दछ"** भन्ने नीतिलाई अवलम्वन गर्दै नगर क्षेत्रमा हुने फोहरमैलालाई टोल सुधार समिति वा नगरबासीबाट शुल्क उठाई फोहोर साझेदारी प्रणालिमा उचित व्यवस्थापन गरिने छ ।

२५५. सदरमुकाम आस पासका क्षेत्रवाट निस्किने फोहर मैलालाई व्यवस्थापन गर्नका लागि डम्पिङ साईटको पहिचाहन गरी विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरि कार्यान्वयमा ल्याईने छ ।

मुसिकोट नगरपालिका

२५६. फोहरमैला नै उत्पादन नगर्ने, न्युन गर्ने, त्यसलाई पुनः प्रयोग कार्यलाई व्यवहारमा अवलम्वन गर्न सरोकारवालाहरुको सहयोग र सहभागितामा सीपमुलक, सचेतनामूलक कार्यक्रम संचालन गरिने छ साथै फोहरवाट वायो ग्यास उत्पादनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग आवश्यक समन्वय गरिने छ ।

२५७. फोहोरमैला उत्सर्जन स्थलमा नै कुहिने र नकुहिने फोहर छुट्याउने र कुहिने फोहोरलाई मल वनाई करेसावारीमा प्रयोग गर्ने कार्य अवलम्बन गरिने छ ।

**२५८.** नगरका बजार, राजमार्ग तथा नदी आसपासका क्षेत्रमा प्लास्टिक प्रयोगको वैकल्पिक व्यवस्था गरी फोहोर मैला व्यवस्थापनका लागि स्थानीय टोल र वस्तीहरुसँग सहकार्य गरिने छ ।

**विपद व्यवस्थापन नीति**

२५९. प्राकृतिक वा मानवीय कुनैपनि कारणबाट हुन सक्ने सम्भाव्य विपदबाट वच्न बचाउन सरोकारवालाहरुको समन्वयमा सचेतना कार्यक्रम संचालन गरिने छ ।

२६०. नगर स्तरिय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति तयारी अवस्थामा राखिने छ ।

२६१. विपद व्यवस्थापनलाई 3C (समन्वय, सहयोग तथा नियन्त्रण) का आधारमा संचालन गरिने छ ।

२६२. बाढी, पहिरो, डढेलो, खडेरी जस्ता जलवायु परिवर्तनको प्रभाव कम गर्न अनुकूलन तथा न्यूनीकरणका कार्यक्रम कार्यान्वयन गरी पर्यावरणीय प्रणाली र समुदायको उत्थानशीलता विकास गरिने छ साथै पूर्वाधार विकासलाई वातावरणमैत्री बनाईने छ ।

२६३. कोभिड १९ र सो बाहेकका सबै प्रकारका विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभिका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिने छ ।

२६४. जोखिम युक्त बस्तीहरुको स्थान्तरण एवम् विपद् प्रभावित क्षेत्रको पुनः निर्माण गर्न एकीकृत बस्ती विकास कार्यक्रम मापदण्ड तयार गरी प्रदेश र संघीय सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा प्रकृया अगाडि बढाईने छ ।

**नगर सभा सदस्य ज्युहरु !**

**मानव संसाधन विकास नीति**

२६५. मुसिकोट नगरपालिकामा कार्यरत सबै जनशक्तिलाई सक्षम वनाई काममा एकरुपता र कार्यान्वयनमा प्रभावकारिता ल्याई योजना कार्यान्वय र अन्य दैनिक प्रशासनिक काममा सिघ्रता ल्याउन आवश्यकता अनुसार कर्मचारीलाई आवश्यक तालिम, अभिमुखिकरण र गोष्ठीका कार्यक्रमहरु संचालन गरिने छ ।

२६६. कार्यालयबाट सार्वजनिक सेवा प्रवाह गर्दा कर्मचारीले उच्च मनोवलका साथ काम गर्ने वातावरणको सिर्जना गरिने छ । साथै सेवा प्रवाहमा नयाँपन ल्याउन तथा अन्यन्त्र

मुसिकोट नगरपालिका

पालिकाको अनुभव साटासाटको लागी नमुना पालिकामा अन्तर जिल्ला वा अन्तरपालिका रेखाङ्कन तथा अवलोकण भ्रमण गरिने छ ।

२६७. नगरपालिकाको सर्वोपरि हित हुने गरि राम्रो काम गरि उत्कृष्ठ नतिजा निकाल्ने कर्मचारीलाई पुरस्कृत गर्ने र आचार संहिता पालना नगर्ने, आफ्नो जिम्मेवारी बहन नगर्ने, काम पन्छाउने, अनियमितता भ्रष्टाचारमा संलग्न हुने एवं गैरकानुनी काम गर्ने जोको कोहिलाई कानुन बमोजिम कारबाही तथा दण्डित गरिने छ ।

**सार्वजनिक सेवा प्रवाह नीति**

**"हासी हासी काम, सोधी सोधी सेवा"**

२६८. नगरपालिका अन्तर्गतका सबै शाखा/इकाई/वडा कार्यलयबाट सम्पादित कामको गुणस्तर तथा सेवा प्रवाहको वास्तविक अवस्था जाँचबुझको लागी सम्बन्धित स्थानमा गई समय समयमा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

२६९. सेवा प्रवाहलाई गुणस्तरिय बनाउन तथा कर्मचारीहरुको पिर मर्का गुनासो तथा सेवा प्रवाह गर्दा आईपर्ने समस्या समाधानको लागी नियमित कर्मचारीहरुको बैठक आयोजना गरिने छ ।

२७०. नगरपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवा र सुविधालाई क्रमशः डिजिटाइजेशन गर्दै सेवा प्रवाहलाई सहज, सरल र पारदर्शी बनाइने छ ।

२७१. सरकारले प्रदान गरेको सेवाहरुको मापनको लागी सेवाग्राही सन्तुष्टि मापन कार्यको थालनी गरिने छ ।

२७२. जनताको सू–सुचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यहरुको समयमै सार्वजनिक सुनुवाई, जनतासंग मेयर कार्यक्रम, रेडियो सम्बाद कार्यक्रम, हेलो उपमेयर कार्यक्रम, सार्वजनिक/सामाजिक परिक्षण चौमासिक रुपमा सार्वजनिकरण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

२७३. नगर प्रहरीको नियमनकारी भूमिकालाई प्रभावकारी बनाईने छ। प्राकृतिक स्रोत साधनको गैरकानूनी तस्करी नियन्त्रण, बजार, विद्यालय सार्वजनिक क्षेत्र, व्यवसाय दर्ता तथा सञ्चालन, मदिरा विक्रि वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध, सिमाना, इन्धन, डिपो, होटेल, दुध डेरी, मासु पसल, औषधि पसल लगायत नागरिकको जनजिविकासंग सम्बन्धित विषयहरुलाई प्रचलित कानुनको अधिनमा रहि कडाईका साथ अनुगमन तथा समस्या समाधान गरि स्थानीय सरकारको अनुभूति गराईने छ ।

२७४. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानुनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्यनमा ल्याईने छ ।

२७५. नगरपालिकाभित्र सेवा प्रवाहलाई सुलभ र पहुंचयोग्य बनाउनको लागि एकिकृत घुम्तीसेवाहरु संचालन गरिने छ ।

मुसिकोट नगरपालिका

**संस्थागत क्षमता विकास नीति**

२७६. लामो समय देखि टुङ्गो लाग्न नसकेको यस नगरपालिकाको केन्द्र तोक्ने कार्य नगर सभाबाट पारित गरी सोही बमोजिम यसको व्यवस्थित र स्तरयुक्त पूर्वाधार विकास गरिने छ।

२७७. स्थानीय तहको नाममा रहेको सम्पूर्ण जग्गा जमिन, भवन, सवारी साधन र अन्य भौतिक सम्पत्तीका एकिकृत विवरण तयार गरी सरकारी सम्पत्ती संरक्षणको कार्यलाई व्यवस्थित गरिने छ ।

२७८. नगरपालिकाको कार्य प्रकृति, कार्य बोझ र औचित्यताको आधारमा आवश्यक पर्ने जनशक्ति आकलन सम्बन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाईने छ ।

२७९. मुसिकोट नगरपालिका सबै कर्मचारीहरु आफ्नो कामको जिम्मेवारिप्रति पूर्ण बफादार र सो अनुसार कार्यसम्पादन मूल्याङकन गर्न कार्य विवरण बनाई लागू गरिने छ ।

२८०. नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मुसिकोट नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईने छ ।

२८१. नगरपालिकाको कार्य सम्पादनलाई छिटो छरितो, पारदर्शि एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

२८२. नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतीक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

२८३. हाल नगरपालिका बसेको घरको स्वामित्व साविक कृषि विकास कार्यालयबाट नगरपालिका मातहतमा ल्याउने कार्य सिघ्रताका साथ अगाडि बढाईने छ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण नीति**

२८४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी, आधुनिक प्रविधिमा आधारित र जनताको पहुँच तथा सहभागितालाई सुनिश्चित गर्न प्रणालिगत सुधारका कार्यक्रमहरुलाई कार्यान्वयन गरिने छ ।

२८५. व्यक्तिगत घटना दर्ता पूर्णतः अनलाइन प्रणालीमा आवद्ध गरिनेछ । साथै व्यक्तिगत घटना दर्ता समयमै गराउन जनचेतना कार्यक्रम संचालन गरिने छ ।

२८६. हस्तलिखित सबै व्यक्तिगत घटना दर्ताका अभिलेखलाई विद्युतीय माध्यमबाट व्यवस्थापन गरिने छ।

**सूचना, संचार तथा अभिलेख व्यवस्थापन नीति**

**“जहाँ संचार, त्यहाँ संसार”**

२८७. सरकारको चौंथो अंगको रुपमा रहेको संचार जगतमा काम गर्ने संचारकर्मीहरुको पेशागत उन्नति तथा क्षमता अभिबृद्धिका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

मुसिकोट नगरपालिका

२८८. नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, योजना तर्जुमा, सामाजिक सचेतना तथा गतिविधि लगायतका विषयमा कलम चलाउने संचारकर्मी र मिडियालाइ पुरस्कृत गरिने छ ।

२८९. नगरपालिकाबाट सम्पादित विकास, सार्वजनिक सेवाप्रवाह, सुशासन प्रवर्द्धन विषयमा जनप्रतिनिधि र सञ्चारकर्मी वीच अनुभव आदानप्रदान गरिने छ ।

२९०. मुसिकोट नगरपालिकाको पहिचान सहितको हालसम्म भएका महत्वपूर्ण भौतीक, सामाजिक, आर्थिक, साँस्कृतिक एवंम मानव विकास सूचाङक समिटिएको डकुमेन्ट्रि तयार गरी प्रशारण गरिने छ।

२९१. बढ्दो सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गर्दै कोभिड १९ जस्ता महामारीमा पनि सेवा प्रवाहलाइ नियमित गर्न बैकल्पिक विधिहरु अपनाइने छ ।

२९२. नगरपालिका तथा अन्य सरोकारवाल निकायले सम्पादन गरेका हरेक जानकारीमुलक सूचना तथा जानकारिहरु नागरीकहरुको सहजै पहुँचमा पुग्ने गरि प्रविधिमैत्री नगर सूचना केन्द्र संचालनमा ल्याइने छ ।

२९३. नगरको समग्र बस्तु स्थिति नागरिकको सहजै पहुँचमा पुर्याउन आधुनिक डिजिटल प्रोफाइल निर्माण गरी संचालनमा ल्याइने छ ।

२९४. नगरपालिकाले सम्पादन गरेका हरेक नगर सभाका निर्णयहरु, नगर कार्यपालिकाका निर्णयहरु, विभिन्न विषयगत समितिका बैठकका निर्णयहरु, त्रैमासिक प्रगति र अन्य गतिविधि तथा जानकारीहरुलाई नियमितरुपमा बेवसाइट, डिजिटल सुचना बोर्ड, विभिन्न समाजिक संजालहरु मार्फत सार्वजनिक गरिने छ ।

२९५. मुसिकोट नगरपालिका क्षेत्रभित्र रहेका महत्वपूर्ण पर्यटकीय र सार्बजनिक क्षेत्रहरुमा फ्री वाइफाई जडान गरि सूचना तथा संचारको सहजता प्रदान गरिने छ ।

२९६. नगरपालिका अन्तर्गत रहेका बजारहरुलाई व्यवस्थित तथा अपराधजन्य घटनाहरुको न्युनिकरण गर्न सिसिटिभि क्यामरा जडान गरिने छ।

**कानुनी मामिला तथा न्याय नीति**

२९७. नगरपालिका क्षेत्रभित्रका न्यायमा पहुँच नभएका पीडित, असहाय तथा अशक्तहरुलाई निशुल्क कानूनी सेवा उपलब्ध गराईने छ ।

२९८. कानूनी साक्षरता कार्यक्रम जनप्रतिनिधी तथा मेलमिलापकर्ताहरुलाई अति आवश्यक कानूनी ज्ञान प्रदान गर्ने व्यवस्था गरिने छ ।

२९९. विवाद समाधान भई परिवारमा पुनःस्थापना भएका व्यक्तिहरुको निरन्तर अनुगमन गरिने छ र पारिवारीक मेलमिलाप र सामाजिक सुसम्बन्धलाई प्रोत्साह गरिने छ ।

३००. न्यायिक कार्यलाई व्यवस्थित गर्न प्रभावकारी वनाउन हेलो उपमेयर कार्यक्रम सञ्चालन गर्नुको साथै न्यायिक कार्यमा संलग्न रहने नगर तथा वडा स्तरका जनप्रतिनीधि तथा कर्मचारीलाई क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छ।

मुसिकोट नगरपालिका

३०१. स्थानीय स्तरमा हुने विवादहरुलाई छिटो छरितो एवं प्रभावकारी रुपमा विवाद समाधानका उपायहरु अपनाईने छ साथै विवादहरुलाई मेमिलापको माध्यमवाट टुग्याउन प्राथमीकताका साथ प्रोत्साहन तथा सहजीकरण गरिने छ ।

**नगर सभा सदस्य ज्युहरु !**

३०२. अन्त्यमा, मुसिकोट नगरपालिकाको यो पाँचौ नीति तथा कार्यक्रमले विकासका प्राथमिकता र बजेट तर्जुमाका आधार तय गरेको छ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रुपमा सहयोग गर्नु हुने मुसिकोट नगरपालिकाका उप–प्रमुख तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ तथा व्यापार क्षेत्रका प्रतिष्ठित व्यक्तिहरु, सरकारी, गैरसरकारी निकायहरु, विषयगत विज्ञहरु, नागरिक समाजका विभिन्न महानुभावहरु र संचारकर्मीहरुबाट प्राप्त सुझाव र सहयोगका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु । यसै गरी यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न सबैको रचानात्मक सल्लाह सुझावहरुको अपेक्षा गर्दै विदा हुन्छु ।

**धन्यवाद !**

**मिति २०७८/०३/१०**

**देवीलाल गौतम**
**नगर प्रमुख**

मुसिकोट नगरपालिका